जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक १३, २०७८ साल असोज १ गते शुक्रबार, नेपाल संवत् ११४१ (Sept. 17, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

भारतमा फेरि बढ्यो कोरोना

काडमाडौं । भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरूको संख्यामा फेरि वृद्धि भएको छ। बुधबार सार्वजनिक गरिएको विवरणमा पछिल्लो एक दिनमा थप २७ हजार १७६ जना सङ्क्रमित भएका थिए भने बिहीबार सार्वजनिक गरिएको विवरणमा ३० हजारभन्दा बढी सङ्क्रमित भएको उल्लेख छ।

बुधबारसम्म चार दिनसम्म एक दिनमा ३० हजारभन्दा कम सङ्क्रमित भएका थिए। ती बिहीबार भने त्यो संख्या बढेर ३० हजारभन्दा बढी भएको छ। सरकारी अधिकारीहरूले बिहीबार बाँकी ८ पेजमा

आफूलाई बदल्दै तालिवान

काठमाडौं । अफगानिस्तानमा तालिवानी समूहले छात्रालाई पनि अध्ययनका लागि विश्वविद्यालय जान अनुमति दिने निर्णय गरेको छ। तालिवानको सत्ता आएपछि छात्रालाई विश्वविद्यालय जान प्रतिवन्ध लगाउने आशंकाकाबीच उनीहरूले विश्वविद्यालय जान दिने बताएका हुन्।

तर एउटै कोठामा छात्रा र छात्रलाई सँगै राख्न भने नपाइने तालिवान सरकारका उच्च अधिकारीहरूले जनाएका छन्। विश्वविद्यालयहरूमा महिलालाई पुरुषहरूभन्दा छुट्टै राख्न तालिवान सरकारका बाँकी ८ पेजमा

इन्डोप्यासिफिक कि बीआरआई : चेपुवामा नेपाल

एमसीसी प्रकरण

काठमाडौं । संयुक्त राज्य अमेरिकाले अगाडि सारेको इन्डोप्यासिफिक स्ट्राटेजी अर्थात् 'आइपीएस' मा नेपाल सहभागी हुनुहुँदैन भन्ने विषयमा यतिबेला निकै ठूलो बहस भइरहेको छ। अघिल्लो पटक शेरबहादुर देउवा नेतृत्वको सरकारको पालामा सन् २०१७ मा अमेरिकाले मिलेनियम च्यालेन्ज च्यालेन्ज कर्पोरेसन् (एमसीसी) अन्तर्गत नेपाललाई ५० करोड अमेरिकी डलर (५७ अर्ब) प्रदान गर्ने निर्णय गरेको थियो। एमसीसीको स्थापना अमेरिकी कांग्रेसले सन् २००४ मा गरेको थियो। यसले नेपालमा भने सन् २०११ देखि चासो दिएको हो। सन् २०१४ मा एमसीसीले आफ्नो कार्यक्रमका लागि नेपाललाई छनौट गरेको थियो। यसपछि नेपालको निरन्तर पहलपछि अमेरिकाले नेपाललाई सो रकम अनुदान दिने निर्णय गरेको हो। यस कार्यक्रममा नेपाल सरकारले समेत १३ करोड अमेरिकी डलर लगानी गर्नुपर्नेछ। यसरी एमसीसीमा ६३ करोड

अमेरिकी डलर लगानी हुँदैछ। हाम्रो संसदले यसलाई पारित गरेपछि मात्र नेपालले उक्त सहयोग प्राप्त गर्नेछ। सम्झौता हुँदा नै यसलाई संसदबाट पारित गरिनुपर्ने सर्त राखिएको थियो।

एमसीसीलाई संसदबाट अनुमोदन गराउन अमेरिकाले अहिले नेपाललाई तीव्र दबाब दिइरहेको छ। यही प्रयोजनका लागि एमसीसी उपाध्यक्ष फतिमा सुमारको टोली चार दिनसम्म काठमाडौं डेरा जमाएर नै बस्यो। उपाध्यक्ष सुमार र एमसीसीको युरोप एसिया तथा ल्याटिन अमेरिका हेर्ने डिपुटी भाइस प्रेसिडेन्ट जोनाथन ब्रुक्सले प्रधानमन्त्री शेरबहादुर देउवा, प्रमुख प्रतिपक्षी दलका नेता एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, जनता समाजवादी पार्टीका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई अध्यक्ष उपेन्द्र यादव, अर्थमन्त्री जनार्दन शर्मा, ऊर्जा मन्त्री पम्फा भूसाललाई भेटेर एमसीसी सम्झौता चाँडो संसदबाट पारित गराउन दबाब दिएर फर्केका छन्। नेपालमा एमसीसी आयोजना अगाडि बढाउने जिम्मेवारी लिएको संस्था मिलेनियम च्यालेन्ज अकाउन्ट नेपालका पदाधिकारीसँगको छलफलका उपाध्यक्ष सुमारले नेपालले एमसीसी अनुदान अस्वीकार गरेर वैदेशिक सहयोग रोकिदिने चेतावनीसमेत दिएकी छन्। नेपाली नेताहरूले अमेरिकालाई खेलाँचीका रुपमा लिएको भन्दै आक्रोश पोखेकी छन्। उनले विश्वबैंक र अमेरिकाको सम्बन्ध के हो ? एसियाली विकास बैंकलगायत अन्य दातृ निकाय र संस्थामा अमेरिकाको पहुँच कस्तो छ भन्दै अमेरिकाले चाहे नेपालले लिँदै आएका अधिकांश सहयोगमा तत्कालै प्रभाव पार्न सक्ने बताएकी छन्।

सुमारले भनेजस्तै नेपालले अहिले लिइरहेको वैदेशिक सहयोग (ऋण र अनुदान) मा नेतृत्वदायी भूमिका विश्वबैंकले खेल्दै आएको छ। विश्वबैंक नेतृत्वको दातृसंस्थाहरूको टोलीले नेपाललाई कुन हिसाब र कसरी सहयोग गर्छ भन्ने निर्णय गर्छ। यो निर्णय गराउन मुख्य भूमिका विश्व बैंकको रहन्छ। विश्व बैंकमा सबभन्दा बढी लगानी अमेरिकाको छ। त्यसैले विश्व बैंकमा अमेरिकाले जे चाह्यो त्यही निर्णय हुन्छ। मुलुक संघीयतामा गएपछि बढेको खर्चका कारण राजस्वले चालू खर्च मात्र धान्न सक्ने अवस्थामा वैदेशिक सहयोगमा समस्या आएर अधिकांश विकास आयोजना बन्द गर्नुपर्ने हुन्छ। यो वर्षको बजेटलाई मात्र हेर्दा राजस्व असुली र चालू खर्च लगभग बराबरी छ। सरकारले १० खर्ब ८ अर्ब रुपैयाँ चालू खर्च हुने अनुमान गर्दा राजस्व असुली १० खर्ब ५० अर्ब हुन सक्ने भनेको छ। कुल १६ खर्ब ३२ अर्ब रुपैयाँको बजेटमा बाँकी ५ खर्ब ८० अर्बको स्रोत आन्तरिक ऋण र वैदेशिक सहायता नै हो। यो तथ्यांकलाई हेर्दा पुँजीगत र अन्य खर्चलाई आन्तरिक ऋण र वैदेशिक सहायताले मात्र धानेको देखिन्छ। वैदेशिक सहायता रोकिने उपाध्यक्ष सुमारको चेतावनी उनको व्यक्तिगत हो या अमेरिकाकै हो त्यो स्पष्ट भएको छैन। तर एमसीसी अमेकिको भएकाले उनको चेतावनीलाई बेवास्ता गर्न सकिँदैन। गरिब नेपाली जनतामाथि यतिबिघ्न निर्दयी भएर अमेरिका नउत्रिने जानिफकारहरू बताउँछन्।

एमसीसी आयोजनाअन्तर्गत ४ सय केभी क्षमताको ३ सय १५ किलोमिटर लामो विद्युत प्रसारण लाइन निर्माण गरिनेछ। यो परियोजनाले प्रसारण लाइनसँगै सडक मर्मतको काम पनि गर्नेछ। दाङको भालुवाङबाट बाँकेको शिवखोलासम्मको ७७ किलोमिटर सडक नयाँ प्रविधिमा आधारित भएर निर्माण गरिनेछ। उक्त सडकको चौडाइ १४ मिटर हुनेछ। आयोजना बने काठमाडौं, पोखरा, नारायणगढ, भरतपुर, बुटवल र त्यस आसपास क्षेत्रमा बिजुली आपूर्ति सहज हुनेछ। यस्तै बढी भएको बिजुली बुटवल हुँदै भारत निर्यात गर्न सकिनेछ र आवश्यक परे आयात गर्न पनि सकिनेछ। यस आयोजना अन्तर्गत तीनवटा ४ सय केभी क्षमताका सब स्टेसन् निर्माण हुनेछन्। बाँकी ८ पेजमा

महँगियो बजार, मारमा उपभोक्ता

काठमाडौं। हिन्दुहरूको महान पर्व बडादशैं अबको तीन साताबाट सुरु हुँदैछ। दशैं सकिएको दुई सातामै सुरु हुन्छ फूल र बत्तीको पर्व तिहार, त्यसपछि छठी मैयाको पूजा गरिने पर्व छठ। तर यी प्रमुख चाड नेपाली जनताका लागि सुखद देखिँदैनन्। बजार अनियन्त्रित भएका कारण दैनिक उपभोग्य वस्तुहरूको मूल्य उपभोक्ताको ढाड सेक्ने गरी अकासिएको छ। बजार अनुगमन एवं नियमन सरकारी निकायहरू हात बाँधेर बसेका छन्।

एकातिर कोरोना कोरोना कहरले आम मानिसलाई सताएको छ, पैसाको अभाव छ। अर्कोतिर प्रतिदिन महँगी बढ्दो छ। दुई छाक बाँकी ८ पेजमा

प्लास्टिकका झोलामा प्रतिबन्ध

काठमाडौं। सरकारले बाध्यकारी अवस्थामा तेस्रोपटक पातलो प्लास्टिकका झोला आयात, बिक्री र प्रयोगमा प्रतिबन्ध घोषणा गरेको छ।

४० माइक्रोनभन्दा पातला प्लास्टिकका झोलामा प्रतिबन्ध लगाउने २०७१ र २०७३ का निर्णय अलपत्र पर्नुका साथै पछिल्लो पटक गत १५ जेठमा नीति तथा कार्यक्रममा समेटिएको प्रतिबन्ध घोषणा पनि अन्योलमा थियो। सर्वोच्च अदालतले २८ साउनमा अन्तरिम आदेश जारी गर्दै 'नीति तथा कार्यक्रममा व्यवस्था भएअनुसार ४० माइक्रोनभन्दा पातला प्लास्टिकमा प्रतिबन्ध लगाउन' भनेको छ। बाँकी ८ पेजमा

इन्टर्नसीप माग गर्दै आन्दोलनमा

काठमाडौं। चीनमा एमबीबीएस अध्ययन गरेर आएका विद्यार्थीहरूले लामो समय भइसक्दा पनि इन्टर्नसीप गर्न नपाएको भन्दै माइतीघरमा प्रदर्शन गरेका छन्। चिकित्साशास्त्र कोर्ष पूरा भएपनि इन्टर्नसीपको लागि कुनै सुनुवाइ नभएपछि प्रदर्शन उत्रिनु परेको उनीहरूले गुनासो गरेका छन्।

उनीहरूले प्लेकार्डमा 'इन्टर्नसीपमा किन ढिला सुस्ती ?, अझै कति पर्खिने ?, १२ दिन भनी १-२ महिना कुरायौ अब कति कुराउँछौं ?, स्पष्टीकरण चाहियो, चिकित्सा शिक्षा आयोगको निर्णय कार्यान्वयन गर' लगायतका नारासहित मंगलबारदेखि माइतीघरमा प्रदर्शन गर्दै आएका छन्।

यसका साथै उनीहरूले नेपाल मेडिकल काउन्सिलको इन्टर्नसीप नियमको बुँदा नम्बर बाँकी ८ पेजमा

विश्व बैंकसँग फेरि ऋण लिइने

काठमाडौं। नेपाल सरकार र विश्व बैंकबीच शिक्षा र स्वास्थ्यको क्षेत्रमा पौने ६ अर्ब सहुलियतपूर्ण ऋण सम्झौता भएको छ।

नेपालको विद्यालय क्षेत्र सुधार र स्वास्थ्य क्षेत्र सुदृढीकरणका लागि पचास मिलियन अमेरिकी डलर अर्थात् करिब पाँच अर्ब ८७ करोड बराबरको सहुलियतपूर्ण ऋण विश्व बैंकबाट लिने सम्झौता भएको हो।

बुधबार अर्थ मन्त्रालयमा एक समारोहकाबीच नेपाल सरकारको तर्फबाट अर्थ सचिव मधुकुमार मरासिनी तथा नेपाल, माल्दिभ्स र श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फेरिस हदाद जार्वोसले सम्झौतामा हस्ताक्षर गरे।

हस्ताक्षर समारोहमा अर्थसचिव मरासिनीले बैंकले दिने वित्तीय सहयोगले नेपाललाई परेको वित्तीय आवश्यकताको परिपूर्ति गर्ने बताए। विशेषगरी कोभिड-१९ महामारीपछि विद्यालय र स्वास्थ्य क्षेत्रको सुधार गर्न विश्व बैंकले गर्ने वित्तीय सहयोग बाँकी ८ पेजमा

एमसीसीविरूद्ध विप्लवको गर्जन

काठमाडौं। राष्ट्रघाती अमेरिकी परियोजना एमसीसीविरुद्ध नेपाल कम्युनिस्ट पार्टीले काठमाडौंमा विशाल जनसभा सम्पन्न गरेको छ। सभालाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले नेपालमा राष्ट्रघाती अमेरिकी परियोजना एमसीसी पास भएमा आन्दोलनको आँधीबेहरी सिर्जना हुने बताएका छन्।

एमसीसीविरुद्ध बाँकी ८ पेजमा

बजेट होलिडे : जिम्मेवार को ?

काठमाडौं। नेपालमा बजेट प्रणाली सुरु भएदेखि हालसम्मको सात दशकको इतिहासमा पहिलो पटक बहुमत प्राप्त सरकार आफ्नो ढुकुटीमा भएको खर्चसमेत गर्न नपाउने संवैधानिक बन्देजको अवस्थामा पुगेको छ। बजेट प्रणाली नृपालमा २००८ सालबाट सुरु भएको हो। त्यसयता हरेक सरकारले विविध समस्याका बाबजुद पनि बजेट संसदबाट पारित गराएर खर्च गरेर खर्च गर्दै आएका थिए। तर चालु आर्थिक वर्ष २०७८।७९ को बजेट प्रतिथापन गर्न संसदमा प्रस्तुत गरेको प्रतिस्थापन विधेयक प्रमुख प्रतिपक्षी दल एमालेको निरन्तरको संसद अवरोधका कारण पारित हुन नसकेपछि सरकारले आफ्नै ढुकुटीमा रहेको रकम पनि खर्च गर्न संवैधानिक अधिकार गुमाएको हो।

भदौ २३ बाट सुरु भएको संसद अधिवेशनमा प्रमुख प्रतिपक्षी दल एमालेले सभामुख अग्नि सापकोटाको विरोधमा संसद अवरोध जारी राख्यो। पार्टीले

कारबाही गरेका माधव नेपाललगायत १४ जना सांसदलाई सूचना टाँस गरी नहटाई एमाले फुटाउन सहयोग गरेको भन्दै एमालेले संसद अवरुद्ध बनाइरह्यो। कारबाही गरिएका १४ जना सांसद सदनमा रहेसम्म संसद चल्न नदिने अडान अहिले पनि एमालेले राखिरहेको छ। तर एमालेले सांसद पद खारेज गरेका माधव नेपाल लगायतहरूले नयाँ दल नेकपा एकीकृत समाजवादी गठन गरिसकेका छन्। निर्वाचन आयोगले सो दललाई वैधानिकता दिइसकेको छ। फेरि धारा ५ अनुसार प्रधानमन्त्री चयन गर्दा पार्टीको ह्वीप नलाग्ने आदेश सर्वोच्च अदालतले दिइसकेको छ। अर्को दलका सांसदहरूलाई कारबाही गर्ने वैधानिक अधिकार एमालेलाई छैन। यही विषयमा एमाले अध्यक्ष केपी ओलीले सर्वोच्चमा रिट दायर गरेका छन्। यो विषय अहिले सर्वोच्चमा बाँकी ८ पेजमा

नर्वेमा वामपन्थी विजयी

काठमाडौं। नर्वेमा विपक्षी लेबर पार्टीले आमनिर्वाचन भारी बहुमतसहित विजय हासिल गरेको छ। लेबर पार्टी वास्तवमा त्यहाँको वामपन्थी पार्टी हो। कम्युनिस्ट पार्टी नभनी लेबर पार्टी नाम राखिएको हो। यो पार्टीले नर्वेका कम्युनिस्टहरूकै प्रतिनिधित्व गर्छ। विश्वमा वामपन्थी पार्टीहरू फेरि सत्तारुढ बन्ने क्रम बढ्न थालेको छ।

जोनस गहर स्टोरले नेतृत्व गरेको लेबर पार्टीले १३ सेप्टेम्बरमा भएको आमनिर्वाचनमा सन् २०१३ देखि सत्तामा रहेको प्रधानमन्त्री एर्ना सोलवर्गको मध्यमार्गी गठबन्धनलाई पराजित गर्दै जित निकालेको हो। नर्वेमा पछिल्लो समय बढ्दै गएको सामाजिक असमानताका कारण वामपन्थी धारका पार्टीहरूको गठबन्धनलाई चुनेको विश्लेषण गरिएको छ। प्रधानमन्त्री सोलवर्गको कन्जरभेटिभ बाँकी ८ पेजमा

भारतपरस्त अराष्ट्रिय मानसिकता

समय सन्दर्भ

डा.ज.वि शाह

नेपालको कैयन मानिसहरूका दिल दिमागमा हाम्रो लागि भारत नै सब थोक हो, भारत नभए हामी बाँच्नै सक्दैनौं, भारतले चाह्यो भने नेपाललाई जतिखेर जे पनि गर्न सक्छ, भारतलाई चिढाउनु-रिस उठाउनु हुँदैन, भारत र नेपालको सम्बन्ध सदियौं पुरानो अर्थात् प्रागऐतिहासिक कालदेखिको हो। यो सम्बन्ध अझ प्रगाढ बनाउनुपर्छ र आदिकालदेखि नै नेपाल-नेपाली र भारत भारतीयहरूबीचको मैत्रीपूर्ण सम्बन्ध सर्वपक्षीय छ तथा भारतकै अविभाज्य, खण्ड र अङ्गका रूपमा रहेको छ, तसर्थ भारतले जे भन्छ, त्यही नेपालले मानेमा नेपाल र नेपालीको छिटो प्रगति हुन्छ, भन्ने सुन्छौं कहिले त 'नेपाललाई भारतले खाए पनि केही फरक पर्दैन आखिर अहिलेको भन्दा राम्रो र तीव्र विकास त हुन्छ' भनी आआफ्ना मनका विचाहरू सञ्चय गर्दै बेलाबखत प्रस्फुटन पनि गर्ने गर्छन्। यस्ता खालका मानसिकता बोकी हिँड्ने नेपालीहरूले जान वा अन्जानमा नेपाल र नेपालीको अस्तित्व, पहिचान र हितविरुद्ध सोचिरहेका, बोलिरहेका, लेखिरहेका र काम गरिरहेका हुन्छन्।

उपरोक्त खालका विचारहरू हामी नेपालीहरूको मनमस्तिष्कमा हुनु भनेको हामीले आफूलाई नेपाली नठान्नु तथा नेपाल राष्ट्रकस्लाई अलग अस्तित्व र पहिचान भएको देश नठान्नु नै हो। यस्ता सोचहरू सोझै राष्ट्रघाती सोचाइ हुन्, अर्थात् नेपाल र नेपालीको अस्तित्व तथा पहिचान मेटाउने मानसिकता हुन्। उपरोक्त सोचाइ र भनाइहरूको खण्डन मण्डन गर्ने हो भने एउटा ठूलै पुस्तक बन्न सक्छ र विशाल बहस चलाउन पनि सकिन्छ, तर यहाँ अलि संक्षिप्तमा बहस तथा जानकारीका लागि यो लेख प्रस्तुत गर्ने जमर्को गरिएको छ।

सर्वप्रथम हामी राष्ट्रभक्त नेपालीहरूले के कुरा ख्याल गर्नुपर्छ भने प्रागऐतिहासिक कालदेखि आधुनिक वर्तमान कालसम्म ३ पटक विशाल नेपालको निर्माण भएर आफ्नो बेग्लै अस्तित्व र पहिचानसहित स्वशासित स्वसंचालित रहे भएको थियो। यत्रो लामो समयावधिभरि नेपालको पूर्वी, दक्षिण र पश्चिमी भेगमा ८८७ देखि ५६५ वटा मुलुकहरू थिए। बेलायती साम्राज्यवादीले हाम्रो देशको पूर्वी, दक्षिणी र पश्चिमी इलाकाहरू छोडेर जाने बेलामा (इ.सं. १९४६-४७ ताका) आफूहरूले ५६५ देशहरू आफ्नो इलाकामा अधीनस्थ पारेको र त्यतिखेर उनीहरू कता कता लाग्ने जोडिने उनीहरूले नै निर्णय गरी बेलायती भोइस रोय माउन्ट बेटनलाई निवेदन दिनुपर्ने कुरा इतिहासमा पाइन्छ। यस आधारमा भन्नुपर्दा इ.सं. १९४७ भन्दाअघि स्वतन्त्र राष्ट्र हिन्दुस्तान भारत भन्ने नै थिएन। ५६५ वटा मुलुकहरूलाई जोडेर अर्थात् आफूभित्र गाभेर अंग्रेज शासकहरूले विशाल इन्डिया भन्ने बनाएका थिए जसभित्र आजका हिन्दुस्तान, पाकिस्तान र बंगलादेश भन्ने मुलुकहरू पर्छन्। अझ भन्ने हो भने यसमाथि अफगानिस्तान, बर्मा, श्रीलंका र माल्दिभ्स समेतका भूक्षेत्रहरू जोड्ने हो भने दक्षिणी एसियाका ८८७ वटा देशहरू जोडेर बेलायती साम्राज्यवादीहरूले यस क्षेत्रमा लगभग २०० वर्षसम्म राज गरेका थिए। अतः यस ऐतिहासिक आधारमा भन्ने हो भने विशाल नेपाल राष्ट्रको भारतसँग स्वतन्त्र अस्तित्वसहितको परराष्ट्र सम्बनध नै भएन, किनकि त्यसताका स्वतन्त्र राष्ट्र भारत भन्ने नै थिएन। जे जति थिए, ती सब अवध, मगध, झारखण्ड, उत्तराखण्ड, बंगाल, पञ्जाबलगायतका मुलुकहरूसँग स्वतन्त्र स्वाधीन नेपालको सम्बन्ध थियो।

ब्रिटिस साम्राज्यवादीहरूले बाँकी ८ पेजमा

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बौंस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

सम्पादकीय

दिशाविहीन सरकार

दिन कस्तो हुन्छ भन्ने पूर्व संकेत बिहानीले गर्छ भनेझैं वर्तमान देउवा सरकारको भविष्य कस्तो हुन्छ भन्ने संकेत यसका प्रारम्भिक कार्यहरूले दिइसकेको छ । विकृति र विसंगतिको आहालमा चुर्लुम्म डुबेको ओली सरकारको विकल्पका रूपमा लामो संघर्ष, जालझेल, तिकडम र सर्वोच्च अदालतको आदेशमा उदाएको देउवा सरकार दुई महिनाको समय व्यतित गर्दा नै कुइराको कागझैं बन्न पुगेको छ । सबैतिर भताभुंग भएको अवस्था सम्हालेर लानुपर्ने सरकार मन्त्रिपरिषद्लाई पूर्णता दिनसमेत असमर्थ भएको छ । मन्त्रिपरिषद्लाई पूर्णता दिँदा सरकारमा सहभागी दलहरू नै फेरि विभाजन हुने खतरा भएकाले पहिला दल विभाजनसम्बन्धी अध्यादेश निष्क्रिय पारेर मात्र मन्त्रिपरिषद् विस्तार गर्ने कुरा नेताहरू भन्दै आएका छन् । व्यक्तिगत स्वार्थ लिप्सामा लिप्त भएका लोभीपापी जमात राजनीतिमा हाबी भएका कारण आफूले खनेको खाडलमा आफैं पर्न सक्ने भयले नै देउवा सरकारको गठबन्धन त्रसित बन्दै आएको छ ।

केपी सरकारले ल्याएको बजेटलाई निष्क्रिय पारेर अर्थमन्त्री जनार्दन शर्माले प्रतिपक्षीको अवरोधबीच छापामार शैलीमा प्रस्तुत गरेको बजेट समेत भीरको चिन्डो उँधो र उँभोको अवस्थामा पुगेपछि सरकार आफैं बेखर्ची बन्न पुगेको छ । प्रमुख प्रतिपक्षी एमालेको लगातारको संसद अवरोध र सभामुखविरूद्धको घन्किएका नाराबाजीले संसद हलको अवस्था माइतीघर मण्डलाको जस्तो बनेको छ । तनावमा रहेको देउवा सरकारले एमसीसीजस्तो राष्ट्रघाती सम्झौता पास गराउने योजना अघि बढाउन थालेपछि सम्पूर्ण देशभक्त जनता एकजुट भएर एमसीसीको भण्डाफोर गर्दा देउवा सरकारको तनावको पारो ह्वात्तै बढेको छ । सत्ताका सहभागी पार्टनरहरू बीचमा नै एमसीसीका बारेमा फरक धारणा रहेकाले एमसीसी सहजै पास हुने छनक देखिँदैन । यदि षड्यन्त्रपूर्ण ढंगले पास गरेमा सडकबाटै देउवा सरकार विस्थापित हुन सक्ने आन्दोलनको ज्वारभाटा पैदा हुने निश्चित प्रायः देखिन्छ । देउवा सरकारले गर्नुपर्ने कामको सूची लामो भए तापनि गर्नपर्नेतिर भन्दा गर्न नपर्ने कामतिर ध्यान दिएका कारण मुलुकमा भरपर्दो सरकार भएको अनुभूति जनताले गर्न पाएका छैनन् । कोभिड महामारीले आक्रान्त भएका जनता र थलिएको अर्थतन्त्रलाई गति दिन चुस्त, दुरूस्त सरकारको खाँचो छ । तर सरकार आफैंमा अपूर्ण र दिशाविहीन अवस्थामा बहकिएकाले यो सरकार ओली सरकारभन्दा पनि निकम्मा र पंगु साबित हुनेतर्फ लम्किएको छ । ओली सरकारको पालामा भएका औषधि खरिदको भ्रष्टाचार, वीरेन्द्र ट्रष्टका जग्गा मनमौजी ढंगले यति समूहलाई भाडामा दिँदा गरेको भ्रष्टाचार, ओलीका सञ्चारमन्त्री गोकुल बाँस्कोटा मुछिएको भ्रष्टाचार, सेनाले औषधि खरिदमा गरेको भ्रष्टाचार, ओम्नी समूहसँगको भ्रष्टाचार, बालुवाटार जग्गा प्रकरणमा भएको भ्रष्टाचार, गिरिबन्धु टि स्टेटको जग्गा सट्टापट्टा गराउने विषयमा भएको भ्रष्टाचार लगायत दर्जनौं भ्रष्टाचार काण्डबारे यो सरकारले आँखा चिम्लिन्छ कि फाइल खोल्छ जनता हेर्न आतुर छन् । तर सरकारको शुभारम्भको लक्षण र प्रधानमन्त्रीको पुरानो छवि नियाल्ने हो भने यी प्रकरण खोतल्नुभन्दा ढाकछोपमा सघाउन सक्ने आशंका गर्दा अत्युक्ति नहोला ।

प्रदेश सरकारहरूमा देखिएको चरम अस्थिरता, संघीय संसद र सरकारको निराशाजनक गतिविधि नियाल्ने हो भने वर्तमान राजनीतिको भविष्य अनिश्चितताको बाटोतर्फ लम्किएको स्पष्ट देखिएको छ । वर्तमान संघीय पद्धतिमाथि नै दर्जनौं प्रश्नचिन्ह खडा भएका छन् । बोकको टाउकोमा भैंसीको सिङ फिट गरेजस्तो हालत नेपालको संघीयताको हुने उद्घोष पूर्व प्रधानमन्त्री केपी ओलीले गरेका थिए । यति चाँडै संघीयता धान्न नसकेर राष्ट्रको शिर लत्रिनु पक्कै पनि राम्रो होइन । तर विडम्बना अब व्यक्ति विशेषको मात्र नभएर पद्धतिकै मेजर अपरेसनको खाँचो चौतर्फी देखिएकाले पद्धतिकै विकल्पमा छलफल अगाडि बढाउन आवश्यक छ । नेपालको राष्ट्रिय एकता, दिगो विकास, भ्रष्टाचारमुक्त प्रशासन र जनताको जनजीविकाको ग्यारेन्टी गर्न सक्ने पद्धति र संस्कारको माग मुलुकले गरिसकेको छ ।

तिमीहरू हिन्द-अमेरिकी पाल्तु कुकुरहरू हौ

सुरेन्द्र ढकाल

हालै प्रचण्डले आफूलाई माओसँग दाँजेछन् । जनता मूर्ख छन् र त्यो कुरा पत्याउँदैनन् ? माओले त लालसेनाको बलमा नै क्रमशः जापान र चिङकांइसेकको सेनालाई हराएर देशमा जनवादी जनगणतन्त्र स्थापना गरेर देखाएकाले माओ वास्तविक माओ बन्न पुगे । तिमीहरू नेपाली माओवादीले त भारतको सहयोग, स्वार्थ, र पैसा लिएर युद्ध थाल्यौ । १७ हजार मान्छे मार्‍यौ । खरबौंको संरचना ध्वस्त गर्‍यौ अनि त्यही भारतको सक्रियतामा भारतमै गएर दोस्रो दिल्ली सम्झौता गरी हतियार बिसाएर जनसेनालाई शाही सेनामा लगेर हुल्यौ । संसदीय राजनीतिमा आएर कमिसन र भ्रष्टाचार गरेर नव सभ्रान्त बन्यौ । अनि आफूलाई माओवादी भन्ने ? माओसँग दाँज्ने ? थुइक्क नकच्चराहरू ।

अर्को समूह छ जसले आफूलाई एमाले याने एकिकृत मार्क्सवादी लेनिनवादी भन्छ । के त्यो साँच्चिकै लेनिनवादी हो त ? लेनिनको वोलसेभिक पार्टीले त जार शाहीको संसद डुमामा भाग लियो । त्यही डुमामा मेनसेभिकसँग मिलेर बहुमत ल्याई जारशाहीको राजतन्त्र खतम गरी देशलाई सोभियत समाजवादी जनगणतन्त्रात्मक संविधान दियो । तिमी एमालेहरूले तथाकथित माओवादीसँग मिलेर भाग लिएको चुनावमा दुईतिहाइ बहुमत ल्याएको होइन ? लेनिनवादी भए खोइ त त्यही दुईतिहाइको बलमा देशलाई समाजवादी जनगणतन्त्र घोषणा गरेको ? किन सकेनौ ? डर लाग्यो ? माओवाद र लेनिनवादबाट पतन हुँदा के गति हुँदोरहेछ देखिहाल्यौ नि अहिले ।

सोभियत संघमा एकतन्त्रीय लेनिनवाद लागू हुँदा पश्चिम युरोपमा भने संसदीय व्यवस्था मानेर चुनावबाटै समाजवाद लागू गर्न सकिन्छ भनेर इटलीमा आन्तोनियो ग्राम्सीले पश्चिम युरोपेली प्रजातान्त्रिक समाजवादी दर्शन (युरो कम्युनिज्म) प्रतिपादन गरे र इटालियन कम्युनिस्ट पार्टीको जन्म दिए । यो पार्टीले आफूलाई इटलीको मात्रै नभई पश्चिम युरोपकै ठूलो कम्युनिस्ट पार्टीको रुपमा स्थापित गर्‍यो । तैपनि एकल बहुमत ल्याउन नसकेको कारण यो पार्टी कहिले पनि इटलीको संयुक्त सरकारमा सामेल भएन । सन ९० को दशकमा सोभियत समाजवाद पतन भएपछि यो पार्टीले कम्युनिस्ट नाम परिवर्तन गरी आफूलाई डेमोक्राटिक लेफ्ट पार्टी (Partito dellla Sinistra Democratica) बनाएपछि इटलीको इतिहासमा यसका नेता रोमानो प्रोदी पहिलो पटक वामपन्थी प्रधानमन्त्री मात्रै बनेनन् वल्की युरोपेली संघको अध्यक्षसम्म बन्न पुगे ।

यही पश्चिम युरोपेली समाजवादको ठ्याक्कै नक्कल गरेर तत्कालिन एमालेका महासचिव मदन भण्डारीले जनताको बहुदलीय जनवाद प्रतिपादन गरे । यस पंक्तिका लेखकले आन्तोनियो ग्राम्सीका इटालियन भाषामा लेखिएका दस्तावेदहरू नेपालीमा उल्था गरी भण्डारीलाई जबजको सिद्धान्त र नीति तयार गर्न सघाएको थियो । यही नीति सिद्धान्तले जबजको रुप लिई एमाले नेपालको संसदीय राजनीतिमा स्थापित हुन गयो । तथाकथित नेपालका माओवादीहरू एमालेसँग मिल्न आउनु भनेको आफ्नो सिद्धान्त परित्याग गरी जबजमा आफूलाई समाहित गरी संसदीय भासमा आएर जाकिएका हुँदा अहिले आएर न माओवादी माओवादी रह्यो न एमाले लेनिनवादी रह्यो । यी सबै व्यवहारमा केही समयका लागि ग्राम्सीवादी देखिए । तर कालान्तरमा यिनीहरू फेरि फुटे । ओली, माधव र प्रचण्ड तीन खेमा बन्न पुगे जसको विचारधारात्मक सैद्धान्तिक कारण नै छैन, आधार नै छैन । कारण छ भने सर्वसत्तावाद, फरियावाद, राष्ट्रघात, कमिसनवाद नै हो । हुँदा हुँदा यिनीहरू अब संसदसमेत चल्न नदिई बारम्बार विघटन गर्ने, सर्वोच्च अदालतले पुनर्स्थापना गरेको संसदमा असंसदीय चरित्र देखाई यसलाई पंगु बनाउनेतर्फ लागेको कारण अब यिनीहरू ग्राम्सीवादी पनि रहेनन् । ग्राम्सीवादी इटालियन कम्युनिस्ट पार्टी संसदको ठूलो दल भए तापनि सरकारमा कहिले सामेल भएन तर आफ्नो संसदीय प्रभाव प्रयोग गरी प्रगतिशिल श्रम कानुन, सामाजिक सुरक्षासम्बन्धी कानुनहरू, महिला तथा सिमान्तकृत जातिहरूको अधिकार स्थापना गर्ने कानुन बनाउन उनीहरू सफल भएकै कारण कम्युनिस्टको नाम फेर्नेबित्तिकै बनेको उनीहरूको दल इटलीमा सरकार बनाउन सफल भएको थियो । आज पनि सो दलको प्रभाव इटलीको राजनीतिमा डगमगाएको छैन । यहाँ त बहुदलीय जनवाद भन्नेहरू नै अब संसद चल्न नदिने, बजेट रोकी सरकारी कोषमा ताल्चा लगाउने अवस्थामा पुग्नुले कसलाई निम्ता गर्दैछन् यिनीहरू नेपाली राजनीतिमा ? बर्माकै जस्तो सेनालाई ? कम्बोडियाको जस्तो गद्दी छोडेर हिँडेको राजालाई ? कि देशलाई असफल बनाइ सिक्किमको शैलीमा भारतलाई ? तिमीहरू र तिमीहरूको दर्शन केही पनि होइन रहेछ भन्ने प्रमाणित तिमीहरू आफैंले गरेर देखाएका छौ ।

कम्युनिस्टको नाममा तिमीहरू कलंक हौ । अमेरिकी इसारामा नेपाल रहेको उत्तर कोरियाली व्यवसायहरू बन्द गरी नेपालबाट उत्तर कोरियाली नागरिकहरूलाई लखेटने, जाबो ५९ अरबको लागि मातृभूमिलाई हिन्द अमेरिकी उपनिवेश बनाउन तत्पर रहने तिमीहरू कदापि कम्युनिस्ट होइनौ । हिन्द अमेरिकी पाल्तु कुकुर हौ जुन तिमीहरूकै व्यवहारले साबित गरेको छ ।

कम्युनिस्टको नाममा तिमीहरू कलंक हौ । अमेरिकी इसारामा नेपाल रहेको उत्तर कोरियाली व्यवसायहरू बन्द गरी नेपालबाट उत्तर कोरियाली नागरिकहरूलाई लखेटने, जाबो ५९ अरबको लागि मातृभूमिलाई हिन्द अमेरिकी उपनिवेश बनाउन तत्पर रहने तिमीहरू कदापि कम्युनिस्ट होइनौ ।

प्रतिनिधि सभामा प्रमुख प्रतिपक्ष दलको तमासा

गोविन्द विक



प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले अहिले प्रतिनिधिसभा बैठकमा तमासा देखाउन थालेको छ । संसदीय व्यवस्थामा विचार र धारणाको लडाइँभन्दा पनि भौतिक रुपमा संसदमा नारावाजी गर्ने, हूलहुज्जत गर्ने नजिर बस्दै जानु संसदीय व्यवस्थाको उपहास मात्र नभइ गैरजिम्मेवारीपनको परकाष्ट नै हो । व्यक्ति प्रतिशोध साधेर संसदमा नाराबाजीको अभ्यास प्रमुख प्रतिपक्ष दल एमालेले गर्दैछ । सत्ता भत्किएको आक्रोस एमालले संसदमा पोख्दैछ । आफूले कारवाहीको लागि सिफारिस गरेका १४ सांसदहरूलाई सभामुखले कारवाही नगरेको भन्दै एमालेले संसदमा वितन्डा मच्चाउन थालेको छ ।

नेकपा एमाले सत्ता रहुन्जेल पनि पाटी तथा सरकारमा खैलाबैला मच्चिरहयो । पाटीभित्र एक अर्काको भावना विचार र जनमुखी सिद्धान्तलाई पाखा लगाउने काम पाटीभित्रैबाट भएको कुरा कसैबाट पनि छिपेको छैन । सात प्रदेश मध्ये छ वटा प्रदेशमा एमालेले नै सरकार हाकीरहको थियो । संघीय सरकार पनि एमालेकै पोल्टामा थियो । जनभावना अनुसार पाटी र सरकारका कामहरूलाई अगाडी बढाउदै लगेको भए पूरै सरकारको कार्यकाल एमालेकै कोटमा हुने कुरामा कुनै संका नै थिएन । एक अर्काको कुण्ठा र अहमको सिकार सिंगो पाटीलाई बनाइयो । पार्टीभित्र भए गरेका क्रियाकलाप तथा सरकारको उल्टो दौडाइले पाटीभित्र नै विचारहरू विखन्डन हुने थाले । एक अर्कालाई निषेधप्रति राजनीति गर्ने धाउन्नमा एमाले नेताहरू लागिरहे । कोरोना माहामारीका कारण अस्तव्यस्थ अर्थतन्त्र महंगी आकासिएर हुदा खाने जनताको ढाड सेकेको कुरामा एमाले सरकार बेखबर बनिरहयो ।

एक मुठी अक्सिजनको अभावमा सर्वसाधारण छटपटिरहदा एमाले सरकार पाटीभित्रैको कुर्सी मिलाउनमा नै व्यस्त रहयो । नेताको उपचारका लागि लाखौ खर्च गर्न तयार एमाले सरकारले मलर सदाहरूको भोग पत्तो पाएन जसले गर्दा सरकारप्रतिको जनआक्रोस तिब्र हुँदै जादा एमाले सरकार जनताको मनबाट टाढिन पुग्यो ।

आफ्नै पाटीभित्रको असन्तुष्टीको डढेलोले आफ्नै नेतृत्वमा सञ्चालित सरकारहरू क्षतविक्षेत भएपछि एमाले अहिले भोकाएको सिंहजस्तो भएको छ । एमालेभित्रै पाटीलाई एकबनाएर जनअपेक्षा अनुसारका काममा लाग्न नदिनेहरूको ठूलो जमात हिजो पनि थियो र आज पनि छ । एमालेभित्र रहेर कम्युनिष्ट सिद्धान्तमै खोट आउने काममा अग्रसर हुनेहरूको जमात बाक्लिदा आज सत्तामा दल भएको प्रतिपक्षको कुनामो पुगेको छ ।

एमालले संसद अवरुद्ध गरेर संसदीय व्यवस्थाको मूल्यमा प्रहार गर्न उद्दत हुनुभन्दा विचार र धारणामा लडाइँ गर्ने आफ्ना असन्तुष्टिहरू विचारको माध्यमबाट संसदमा राख्ने परिपाटीको विकास गर्न आवश्यक छ । एमालेले तत्कालिन असन्तुट पक्ष माधव नेपाल लगायतका नेताहरूको कारवाहीलाई सभामुखले गम्भीर रुपमा नलिएको भन्ने आरोप सभामुखमाथी लगाएको छ । माधव नेपाल लगायतको कारवाहीको मुद्धा सर्वोच्च अदालतमा पुगेको हुनाले अदालत कारवाही प्रक्रिया भइरहेको मुद्धा संसद छलफलको विषय नहुने भन्ने संविधानमा भएको व्यवस्था एमालेले विर्सन खोज्नु चिन्ताजनक छ ।

सांसदको ढाडमाथी चढेर अमर्यादित रुपमा एमाले सांसदहरू प्रस्तुत हुने लज्जाजनक विषय हो । हुन त संसदमा बैठक अवरुद्ध गरी सांसदहरूले तमासा देखाएको घटना पहिलो भने हैन । संसदमा नारावाजी गर्ने तोडफोडमा उत्रिने र अमर्यादित व्यवहारहरू प्रस्तुत गर्ने परिपाटी विगतकै निरन्तरता हो । यसता गैरजिम्मेवारपूर्ण कार्यले कुनैपनि दललाई गन्तव्यमा पुर् याउदैन र त्यसता दलहरूले जनअपेक्षा बमोजिमको राजनैतिक सिद्धान्त बोक्न पनि सक्दैनन । संसद भनेको विचारको कुस्ती खेल्ने थलो हो जनताको पीरमर्का ओकल्ने ठाउ हो कुनै पनि दलका सांसदहरू बुरुक्क उफिएर कुस्री फोडने कार्यमा उत्रिनु शोभनीय हुँदैन । एमालेको सरकार आफ्नै पाटीभित्र झागीएको असन्तुष्टीलाई व्यवस्थापन गर्न नसकेका कारण भत्कीएको हुनाले कसैप्रति प्रतिशोध साध्नुको अर्थ छैन ।

पार्टीमा सबैको विचार धारणालाई उचित स्थान दिदै रचनात्मक प्रतिपक्षको भूमिकामा अफूलाई उभ्याउनु महत्वपूर्ण हुन जान्छ । संसदमा तामसा देखाएर हैन विचार र जनमुखी काममा तमसा देखाइयो भने पक्कै पनि आउने चुनावमा पाटीले विगतकै जनमत हात पार्न बेर लाग्दैन । पाटीले जहाँ पनि हैकमबादी व्यवहार देखाउनु संसदीय प्रणालीमा राम्रो मानिदैन । लोकतन्त्रमा हुलहुज्जतलाई समस्या समाधानको रुपमा लिन कदापी सकिदैन । लोकतान्त्रिक प्रक्रियाबाट नै समस्याको समाधान गर्ने हो र विचार सिद्धान्त कार्यक्रमले जनताको मन जित्ने हो । संसदमा कुस्री फुटाउने सांसदलाई जनताले भोट दिन्छन् कि दिँदैनन् भन्ने मुख्य प्रश्न सबैमा खडा हुँदैछ ।

एमालले संसद अवरूद्ध गरेर संसदीय व्यवस्थाको मूल्यमा प्रहार गर्न उद्दत हुनुभन्दा विचार र धारणामा लडाइँ गर्ने आफ्ना असन्तुष्टिहरू विचारको माध्यमबाट संसदमा राख्ने परिपाटीको विकास गर्न आवश्यक छ । एमालेले तत्कालिन असन्तुट पक्ष माधव नेपाल लगायतका नेताहरूको कारवाहीलाई सभामुखले गम्भीर रूपमा नलिएको भन्ने आरोप सभामुखमाथी लगाएको छ ।

मैले देखेको १७६ औं विश्व पर्यटकीय स्थल
स्वीटजरलैण्ड बेलिन्जोनाको दरबार क्षेत्र

सुरेन्द्र ढकाल

ग्राण्ड क्यासल परबाट हेर्दा

इटालीको मिलानतर्फ लाग्ने क्रममा दिदी मीना, सुरेन्द्र र राजन विक वेलिन्जोना रेल्वे स्टेशनमा

ग्राण्ड क्यासलको भित्री भाग

माथिबाट हेर्दा सास्सो कोर्वारो दरबार

बाहिरबाट हेर्दा मोन्तेवेल्लो दरबार

दरबार क्षेत्रमा पर्यटकहरु



दरबार क्षेत्रमा दिदी मीना र राजन विक

दिदी मीना, राजन विक दाता एदभिजेका साथ र पृष्ठभूमिमा दरबार क्षेत्रबाट देखिने बेलिन्जोना उपत्यका

जून ४ तारिखका दिन हामी दाता संस्था आर्कोवालेनोका पदाधिकारीहरूसँग भेटघाट र दिवाखाना खाँदै बेलुकासम्म औपचारिक अनौपचारिक बैठक र कुराकानी गरेर बितायौं। भोलिपल्ट ५ तारिख बिहानको ब्रेकफाष्ट गरेपछि एदभिजेले हामीलाई स्वीस महासंघको संघीय प्रदेश तिचिनोको राजधानी वेलिन्जोनास्थित ऐतिहासिक दरबार र किल्ला अवलोकन गराउन त्यतातिर लगिन्। दरबार (ग्राण्ड क्यासल) को प्रवेशद्वारसम्मै हामी एदभिजेको जिपमा गएका थियौं।

दरबार क्षेत्र

यो एक किल्लाहरूको समूहसहितको दरबार (Castle) रहेछ। स्वीस आल्प्स हिमालयको काखमा अवस्थित यो दरबार क्षेत्रमा कास्तेल्लो ग्रान्दे, मोन्तेवेल्लो र सास्सो कोर्वारो गरी तीनवटा दरबारहरू रहेछन्। कास्तेल्लो ग्रान्दे एक ठूलो चट्टानको टुप्पोमा बनाइएको रहेछ, जहाँबाट वेलिन्जोना उपत्यकाको मनोरम दृश्य अवलोकन गर्न सकिँदो रहेछ।

यस दरबारलाई चारैतिरबाट पर्खालले अड्याइएको रहेछ। तीन दरबारमध्ये सबैभन्दा उच्च स्थानमा सास्सो कोर्वारो अवस्थित रहेछ। सन २००० देखि नै यी दरबार समूह र किल्ला युनेस्कोको विश्व सम्पदामा सूचिकृत भएका रहेछन्।

ऐतिहासिक कालदेखि नै उत्तरी युरोपलाई दक्षिण युरोपसँग जोड्ने महत्वपूर्ण व्यापारिक भन्ज्याङको रुपमा यो स्थानको विकास भएको रहेछ। इशापूर्व पहिलो शताब्दिको नियोलिथिक युरोपेली कालमा नै यहाँको विकास शुरु भएको रहेछ। दरबार र किल्ला निर्माण कार्य रोमन वादशाह आगुस्टुसले सुरु गरेका रहेछन्। पछि चारौं शताब्दिमा डिओक्लेटिआनद्वारा यस दरबार क्षेत्रको पुनरनिर्माण भएको रहेछ र पछि कन्स्टान्टाइन महानले कास्तेल्लो ग्रान्देसहित दरबारको श्रृंखला, घण्टाघर र सैनिक रहने ब्यारेक निर्माण गरेका रहेछन् जसको मुख्य उद्देश्य उत्तरी इटलीलाई शत्रुहरूको आक्रमणबाट सुरक्षित गर्नु रहेछ।

युद्ध रणनीतिक महत्व भएको यो अग्लो स्थानको ब्यारेकमा रहेका थोरै सैनिकहरूले कुनै बेला ९०० जर्मन सिपाहीहरूलाई परास्त गरेको बताइँदो रहेछ। पछि रोमन साम्राज्यको पतनसँगै उदाएको विजान्टाइन साम्राज्यले छैठो शताब्दिमा यस दरबार क्षेत्रसहित उत्तरी युरोप जोड्ने गोर्थाडसहित सबै भन्ज्याङहरूलाई आफ्नो नियन्त्रणमा लिएको रहेछ।

सन ७७४ तिर कारोलिन्ज्यान साम्राज्यको फ्रान्किस अधिराज्यले वेलिन्जोनासहित पूरै तिचिनो उपत्यकालाई आफ्नो नियन्त्रणमा लिएपछि कास्तेल्लो ग्रान्देमा गजुर (Chapel), टावर र ब्यारेकहरू आमरुपमा निर्माण गरिएको रहेछ भने त्यहाँ रहेका पुराना भवनहरूको जिर्णोद्धार गरिएको रहेछ। तर सन ८०० मा भएको आगलागिको कारण दरबारको दक्षिणी भागमा क्षति पुगेको रहेछ।

मध्यकालिन समय याने दुई शताब्दिपछि गएर पवित्र रोमन साम्राज्यले आफ्नो पुरानो गौरवमयकाल पुनरप्राप्ति गर्ने भन्दै रोमन साम्राज्य विस्तार गर्ने क्रममा यस क्षेत्रलाई आफ्नो अधिनमा लिई यस क्षेत्र इटलीको मिलानको अधिनबाट निकालेर कोमोको विशपलाई उपहारस्वरुप जिम्मा दिएको रहेछ र यस दरबार विशपको निवाश बन्न पुगेको रहेछ। पछि सन १३९५ मा यो दरबार क्षेत्र भिसकोन्तीको रुस्का परिवार (House) या Visconti Rusca Family) को नियन्त्रणमा गएपछि दरबारलाई विस्तार गरिएको रहेछ। यही समयमा मोन्तेवेल्लो नामक अर्को दरवार निर्माण गरिएको रहेछ र सास्सो कोर्वारो दरबार ठडिने ठाउँमा टावर निर्माण गरिएको रहेछ। पछि १३४० मा पुन मिलानको प्रशासनले वेलिन्जोनालाई आफ्नो अधिनामा लिएपछि पनि रुस्का परिवारलाई त्यहाँ बस्न दिइएको रहेछ।

यही समयमा मिलान प्रशासनले वेलिन्जोना शहरको ब्यापक विस्तार गरेको रहेछ। पछिल्ला समयमा युरोपका विभिन्न शक्तिशाली वंशहरूले यस शहर र दरबार क्षेत्रलाई आफ्नो अधिनमा लिँदै छोड्दै गरेका रहेछन। पछि भिसकोन्ती परिवारभित्र भएको अंश र उत्तराधिकारीसम्बन्धी किचलोको कारण हुन गएको युद्धमा स्वीस फौजले मिलानको फौजलाई हराएपछि टावरको छेउमा तेस्रो दरबार सास्सो कोर्वारोको निमार्ण भएको रहेछ।

सन १८०३ मा बेलिन्जोना स्वीस महासंघको तिचिनो प्रदेश (क्यान्तोन) अन्तर्गत आएपछि यस दरबार क्षेत्र स्वीस संघीय सम्पत्तिभित्र पर्न गएको रहेछ। यसै समयमा किल्लाका पर्खालहरू मर्मत गर्ने कार्य शुरु भएको रहेछ। सन १९५३ मा तिचिनो शहर स्थापना भएको १५० वर्षगाँठ सँगसँगै दरबार र किल्लाहरूलाई आमरुपमा पुनः मर्मत र सम्भार गर्ने कार्य थालिएको रहेछ जुन १९९० मा पुग्दा सम्पन्न भएको रहेछ र कास्तेल्लो ग्रान्देको मुख्य हललाई म्युजियममा रुपान्तरण गरिएको रहेछ भने मोन्तेवेल्लो दरबारलाई पुरातात्विक संग्रहालय मुजेओ चिभिको (Civil Museum) मा रुपान्तरण गरिएको रहेछ। सास्सो कोर्वारो दरबारलाई चाहि होटल र रेष्टुराँमा परिणत गरिएको रहेछ।

हामीले करिब २ घण्टाजति दरबार क्षेत्रमा बितायौं र तल वेलिन्जोना नगर ओर्ली तरकारीहरू किनी एदभिजेको घर फर्कंदा करिब एक बजेको थियो। त्यहाँ आफैंले नेपाली पाराले खाना बनाइ खायौं। यसप्रकार तेस्रो दिन पनि बित्यो। जून ६ तारिखका दिन ग्रोत्तो पाउदेशेको एक स्वीस महिलाले राजन विकसँग मितिनी लाउन चाहेअनुरुप बिहान १० बजे हामी उनीकहाँ गयौं। मितिनी लगाउने कार्य सम्पन्न भएपछि एदभिजेले हामीलाई वेलिन्जोना रेलवे स्टेशन लगेर १ बजे छोडिदिइन्।

त्यहाँबाट हामी रेल चढी करिब ११० किलोमिटर पार गरी मिलानको मालपेन्सा अन्तर्राष्ट्रिय विमानस्थल पुगी त्यसै रातको प्लेनद्वारा दोहा आई दोहाबाट भोलिपल्ट ७ जुनको दिन काठमाडौं उत्रियौं।

कथा

छोरीको जिन्दगी

दीपा धिताल

निता भर्खर सोह्र वर्षमा लागेकी थिई घरमा उसको बिहेको कुरा चलाइयो, उसले भनी म अँझै बिहे गर्दिन म धेरै पढ्न चाहन्छु। निताको कुरा सुनेर उसका बाबा आमाले भने - छोरी मान्छे बिहे गरेर जानुपर्छ उमेर पुगेपछि माइतीमै बस्यो भने समाजले कुरा काट्छ तैले अब बिहे गरेर जानैपर्छ। के गरोस निता निकै सोझी मान्छे उसले आफ्ना बा आमाको कुरालाई नकार्न सकिन र ऊ नचिनेको मान्छेसँग बिहे गरेर पराई घरमा गई। पहिला त उसलाई राम्रै भयो पराई घरमा तर समय बित्दै जादा उसको जीवनमा आधिबेहरीले घेर्ना थाल्यो उसले जबरजस्ती पन्छ्याउने कोसिस गरी तर के नै लाग्थ्यो र निदीष जननीको। जीवनभरी सँगै जिउने सँगै मर्ने बाचा कसम खाएर अग्नी साक्षी राखेर बा आमाले नै कन्यादान गरी दिएको जीवनसाथी नै घाती, बर्वादी भएपछि कसको के नै लाग्छ र ? शायद निताले पहिले नै उसको बानी व्यवहार थाहा पाएको भए उसले बिहे नै गर्ने थिइन। फेरि उसले कहाँ गरेकि होर उसका बा आमाले जबरजस्ति गराइदिएका हुन् उसको बिहे।

बाआमा पनि किन यति निष्ठुरी बन्छन् ? किन छोरीहरूलाई पराई घरमा मात्र जाने जात हो भनेर छोरीहरूका इच्छा चाहनाहरू बुझ्दैनन् ? पराई घर कस्तो छ ? छोरीको जीवन साथीको बानी व्यवहार कस्तो छ ? नबुझेरै धनी हुनेखाने छ भनेर किन हुत्याउछन् छोरीलाई ? फेरि छोरीको भविष्य नहेरेर धनको पछि मात्र किन लाग्छन् ? किन समाजको पछि लाग्छन् ? यो समाजले पनि छोरी माथि नै किन औला ठड्याउछन ? के छोरीलाई पनि स्वतन्त्र रुपमा हिड्न पाउने अधिकार छैन ? यावत प्रश्नहरूको जवाफ दिने को छ ?

फेरि फर्कियो उही साउन र भदौ जहाँ हिलो,पानी,आँधी भेरीमा लटपटिदै हिड्न पर्ने। जिन्दगी पनि कस्तो जिन्दगी। सुःख भोग्न नपाउदै सधैभरी दुःखका समुद्रका छालहरूमा घेरिरहनु पर्ने। सायद निताको बा आमाले यो कुरा बुझेको भए उसले आज दुःख पाउने नै थिइन। उसको जीवनमा ढुडगा र मुढाहरू वर्षने थिएनन् होला। बीचरी सोझी निता आफ्नै लाग्नेको अमानवीय व्यवहारबाट ऊ निकै आजित भइसकि। के गरोस माइतीमा जाओस त घर गरेर खाना नसक्ने भनेर माईतीले छि छि र दुर्रदुर्र गर्छन। घरको लोग्नेको त्यो चाला छ दिभर कुकुर झै डुलेर जाँड रक्सी खाएर घरमा आउछ नितालाई हकार्छ कुट्छ पिट्छ तर पनि उसले सहन्छे भएन भनेर एउटी जननीलाई पुरुषहरूको सुखभोग सम्झेर आफ्ना साथीहरूलाई समेत निता कहाँ पठाइदिन्छ। निता त्यो कुकुर लोग्नेको व्यहारबाट पन्छिन खोज्छे अनि फेरि उसको पिटाई सहन बाध्य हुन्छे।

कोही पुरुषहरू किन यति दानवभन्दा भयानक बन्छन्। पुरुषको मात्र के कुरा गरौं कति महिलाले महिला माथि नै क्रुर व्यवहार किन देखाउछन्। एउटी नारीलाई अकी नारीले दिनु पर्ने जुन साथ सहयोगको सट्टा किन शत्रुताको व्यवहार देखाउछन्। निता लोग्नेको मात्र सिकार नभएर घरकै आमाजु सासूको व्यवहारबाट पनि निकै पीडित भइसकेकी छ। ऊ राम्रोसँग निदाउन पनि पाउदिन। निदाउनु त के पेटभर खान पनि पाउदिन।उसको आमाजु नन्द सासूले नै उसलाई पेटभरी खान पनि दिदैनन्। बरु कुकुर भुक्यो भने कुकुरले खाना पाउँछ तर त्यस घरमा निताले पेटभर खाना पाएको दिन कहिल्यै छैन। त्यसलाई काममा मात्र जोताइन्छ। एकदिन त ऊ मर्न भनेर डोरी बोकेर जङ्गलतिर जान्छे मर्न भनेर रुखको हाँगामा डोरी झुन्ड्याएर घाँटिमा के बेर्न थालेकि हुन्छे ठिक त्यसैबेला कसैले देख्छ र उसलाई बँचाउँछ। त्यसबेला मृत्युले पनि देखेन अन्धो भएछ क्यारे निता बोल्छे। आखिर निता किन त्यो सब सहन बाध्य हुन्छे। के तपाई जान्न चाहानुहुन्छ ? निताको कथा। किनकि नितालाई माइतिको डर छ। घर गरेर खाना नसक्ने अल्छी भनेर, समाजको डर छ लोग्ने सासूका मुखामुख लाग्छे घर गरेर खाना सक्दिन भन्छन् कि भनेर। त्यसैले ऊ चुपचाप त्यो सब सहन बाध्य हुन्छे।

आफ्नो अस्तित्वको रक्षा आफैले गर्नु। राधा र द्रौपदीले झैं निरीह बनेर हैन, दुर्गा बनेर आफ्नो जिन्दगीको रक्षा आफैले गर्नु समय बित्दै जान्छ निताले बिहे गरेको वर्षदिन पुगेको छैन। त्यो घरको कुकुरको जस्तो व्यवहार सहदा सहदै उसको अनुहार नै बदलियो। पहिले कि जस्ती निता भइन। हुनु पनि कसरी, राम्रोसँग साझ निदाउनु छैन, पेटभरी खाना पाउनु छैन। सधैभर घरमा पनि नोकर झै दलिनु पर्छ। निता एक दिन घर छोडेर माइती मै बस्न आई माइतीमानै बा,आमा दाजुभाइ,दिदी बहिनीहरूले नै अमानविय व्यवहार गर्छन। धेरै दिन ऊ माइतीमा पनि बस्न सकिन।

निता त्यो घर माइती छोडेर फेरि अकी घरमा बिहे गरेर जान्छे। नजाओस पनि कसरी उसलाई बसीसहनु कहीं पनि छैन। उसका लागि कोही भएन, आफ्नो न बाआमा नै भए न दिदीबहिनी न लोग्ने नै भयो। उसलाई पहिला फकाएर एक्लै छ एक वर्ष पहिला स्वास्नी बितेको अरु कोही छैनन् भनेर फेरि बिहे गरादिन्छन् आफन्तहरूले। निताले एक हप्ता पछि थाहाँ पाउछे उसका त चारभाइ छोराछोरी छन् भनेर। फेरि पनि उसको जीवनमा हुरी, आँधी तुफानसँगै आउछ। पहिलेको लोग्नेबाट त्यस्तो दोस्रो लोग्ने पनि त्यस्तो विधिको विधान र कर्मको लेखान कसले नै मेट्न सक्छ र,निताले मेट्न त खोजेकि हो तर सकिन। जे जस्तो भए पनि दोस्रो लोग्ने सिपाही भएको कारण त्यही घरमा दोस्रो लोग्नेसँग पहिलेभन्दा अली सुख्खका साथ बस्न थाली।

निताले समयलाई पन्छयाउदै गई। जीवनलाई अली जीवन जस्तो बनाउदै गई। समय पनि बित्दै गयो अलि सुःखका दिन फिर्दै गए निताले आफ्नो कोखबाट एउटा सन्तानलाई पनि जन्म दिई। अब त निताले सुःख र सन्तोष पाउने भई , कतिले भन्न नपाउदै फेरि फर्कियो उही साउन र भदौ जहाँ हिलो,पानी,आँधी भेरीमा लटपटिदै हिड्न पर्ने। जिन्दगी पनि कस्तो जिन्दगी। सुःख भोग्न नपाउदै सधैभरी दुःखका समुद्रका छालहरूमा घेरिरहनु पर्ने। बिहे गरेको केही वर्ष पछि फेरि निताको लोग्ने बिरामी पयो, उसका दुइवटै मृगौला खराब देखिए निताले लोग्नेलाई बचाउनको लागि धेरै ऋण काढेर भएपनि लागि परी तर बचाउन सकिन दैवले उबाट पनि खोसेर लगिदियो। किन नितालाई मात्र दुःख दिन्छ दैवले नि, पटक पटक किन बैरी बनेको छ ऊसँग ईश्वर पनि ? पहिलो जीवन साथीबाट कुकुरको व्यहार सहनु पयो दोस्रोबाट यौवनमै विधवा हुनुपर्‍यो।

निताले लोग्नेको उपचार गर्दा कारेको ऋण धेरै छ तिर्नुपर्ने, कसरी तिर्ने ? ऊ बहुला जस्ती हुन्छे। उता छोरालाई पढाउनुछ उपचार गर्दा लागेको ऋण तिर्नुछ। माइतीमा दिदीबहिनी दाजुभाइ बा आमा सबैबाट ऊ घृणित भइसकेकी छ। मोमाइलमा घन्टी बज्छ पटक पटक उठाउछे ऋण लगेको तिर्ने होइन ? कहिले हो तिर्ने ? अरुको रिन खान मजा आउछ के हो ? तिर्ने भए तिर्ने नत्र। नाना थरीका आरोप अश्लील शब्द। एउटी दुखी असहाय एकल नारीलाई बोल्नु र गर्नुपर्ने व्यवहार कत्ति पनि छैन। पैसा मात्र जिन्दिगी सम्झनेहरूले यसै बोल्छन्। निता चुपचाप सहन बाध्य हुन्छे। सिपाही भएको कारण लोग्नेको पेन्सनले उसले सके जति ऋण तिरेकै छे तर पनि पुगेको छैन। उसलाई जसरी नि ण तिर्नुछ। आजभोली ऊ एउटा बोर्डिङ स्कुलमा केटाकेटीलाई हेर्ने खाना पकाउने भाँडा मिस्ने काम गर्छे। स्कुलले पनि उसलाई हेरेको छ, छोरालाई निसुल्क पढाइदिएको छ। निता निकै सोझी छे। जे जस्तो भए पनि ऊ सहेरै बसेकी छ अलि अलि गर्दै ऋण तिरेकै छे।

निता तिमीले इमान्दिरीताका साथ काम गर्नु। छोराको भविष्य बोकेर हिड्नु। मानव भनिने दानवहरूको व्यहारबाट बच्नु। आफ्नो अस्तित्वको रक्षा आफैले गर्नु। राधा र द्रौपदीले झैं निरीह बनेर हैन, दुर्गा बनेर आफ्नो जिन्दगीको रक्षा आफैले गर्नु एक दिन तिम्रो पनि पालो अवश्य आउनेछ। तिमीलाई आज कुल्चिएर हिड्नेहरूले भोलि तिम्रो खुट्टा ढोग्न आउनेछन्। धैर्य गरेर बस्नु , सघर्ष गर्नु, तिम्रो पनि सुःखको दिन अवश्य फिर्ने छ।

नियात्रा

जगदीश उवाच-२

✍ - रामप्रसाद पन्त

सतीप्रथादेखि मुक्त हुँदै नारीका हक अधिकारहरू माग हुन थालेको यस अवस्थामा विकास भएन भन्न त मिल्दैन तर अझ पनि महिनावारी बार्नुपर्ने हाम्रो सामाजिक परम्परा कायमै छ। यसको विरोधी हुँ म। मल्लकालमा पनि नारीहरूले साहसपूर्ण काम गरेका उदाहरणहरू छन्। पार्थिवेन्द्र मल्लका रानीले आफ्ना प्रेमी चौतारा लक्ष्मीनारायणको नाममा जैसीदेवल बनाइन्। पार्थिवेन्द्रलाई षड्यन्त्रपूर्वक मारिन्। पार्थिवेन्द्रसँग एक्काइस रानी सती गए। प्रताप मल्लका त एकतीस रानीहरू सती गएका थिए। त्यसबेला नेपालमा मात्र होइन प्रजातन्त्रको हिमायती राष्ट्र बेलायतमा पनि स्त्री जातिलाई मतदान गर्ने अधिकार थिएन। विष्टर्न चर्चिलले नै भनेका थिए– स्त्रीलाई मतदानको अधिकार नदिनू।



म राणाको छोरा भए पनि अहिलेसम्म रक्सी खाएको छैन। तर बेलायतका चर्चित प्रधानमन्त्री विष्टन चर्चिलले लन्च अगाडि पनि रक्सी खान्थे, लन्च पछाडि पनि रक्सी खान्थे र ड्युटीको बेला पनि नशामै रहन्थे। प्रसिद्ध नायिका मीनाकुमारी विष खाएर मरेकी भनिन्छ तर त्यसो होइन, उनी अत्यधिक अल्कोहल सेवनका कारण मरेकी हुन्। महिलाका पीडाजस्तै पुरुषका पीडा पनि कम छैनन्। अरु पीडित मुक्त हुन सक्छन् तर स्त्रीपीडित मुक्त हुन सक्तैनन्। किनभने उनीहरूले पीडा व्यक्त गर्दा पौरुष्य गुमेको महसुस गर्छन्।

भारतवर्षका वादशाह शाहजहाँकी पटरानी मुमताज तेह्रौं वेतमा मरेकी थिइन्। शाहजहाँ मरेपछि उनका अन्य तीनसय रानीहरू एकैचोटी जलेर मरेका थिए। यस्तो डरलाग्दो अवस्था थियो पहिले। केटालाई तेह्र दिन बिताउन पनि गाह्रो पर्ने, केटीले पतिसँगै जलेर मर्नुपर्ने वा जीवनभर बिधुवा भएर बस्नुपर्ने ! यो असामान्य स्थितिलाई तुरुन्त अन्त्य गरिनुपर्छ र बिधुवा विवाहलाई प्रोत्साहित गर्नुपर्छ। सामाजिक संरचनामा सुधार नभएसम्म देशविकासको पिरिकल्पना गर्न पनि सकिन्नँ।

मलाई सिद्धिचरण प्रतिष्ठानको अध्यक्ष बनाइएको छ। मानिसहरू भन्लान्, सिमला बस्ने मानिसले संस्थाप्रति के योगदान पुऱ्याउँछ ? सिद्धिचरणको के प्रचारप्रसार गर्छ ? एकअर्थमा ठिकै होला, मैले सिद्धिचरणका बारेमा जति गर्नुपर्ने गर्न सकेको छैन। तर एउटा सत्य कुरा के हो भने सिद्धिचरणको नाम प्रचारप्रसार गर्ने होइन, हामीले सिद्धिचरणका विचारहरूको प्रचारप्रसार गर्ने हो। त्यो भइरहेको छ, जुन सिद्धिचरणप्रति आस्था दर्शाउने सबैले गर्नुपर्दछ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले समाज र देश सुहाउँदो लुगा लगाउँछन् र अनुहार पनि देश काल परिस्थिति अनुसार परिवर्तन गर्छन्। त्यसभित्र गुढ अर्थ लुकेको छ। आफ्नो प्रभाव स्थापित गर्ने यो स्वाभाविक र मनोवैज्ञानिक कला पनि हो।

मानिसले आफ्नो शक्तिअनुसार काम गर्नुपर्दछ। प्रकृतिले प्राणीलाई फरक फरक शक्ति दिएको हुन्छ। राम जान सक्ने भए हनुमानलाई लङ्का किन पठाइन्थ्यो? त्यसैले भानुभक्तले भनेजस्तो सक्नेलाई मात्र काम दिनुपर्दछ। स्वभाव अनुसार कार्य विभाजन गर्नुपर्दछ। मानिसको चाहना अनुसार काममा लगाइनुपर्दछ।

साहित्यकारहरू सम्मानित पात्र हुन् र मरेर गइसकपछि त पूज्य नै हुन्छन्। यसर्थकसैको अनर्गल प्रचार प्रसार गरिनुहुँदैन र अत्यन्त मनगढन्ते लेख्नु त झन् हुँदै हुँदैन। देवकोटा गरीब थिए भन्नु र श्रीमती चरित्रहीन थिइन् भनेर लेखिनु अत्यन्त दुःखद कुरा हो। सबैको इज्जत हुन्छ र आत्मसम्मान हुन्छ। असल लेखकले कसैलाई लाञ्छना लगाउने काम गर्दैन र गरिनु पनि हुँदैन।

राजा महेन्द्रले २०२२ साल सम्ममात्र राज्य गरेका हुन्। त्यसपछि दरबारले शासन चलाउन थालेको हो। अर्थात् प्रजातान्त्रिक प्रक्रियातर्फ ढल्कँदै गएपछि महेन्द्र पारिवारिक घेराबाट बाहिरिँदै गए र अधिकारबाट पनि कमजोर हुँदै गए। त्यसैको कारण नै उनी मृत्युवरण गर्न पुगे भन्ने मेरो ठम्याइ छ।

हामीले स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्नुपर्छ। खादा, थाङ्का, तिब्बेतियन प्रोडक्ट हुन्। पौवा नेपाली उत्पादन हो। तसर्थ हामीले पौवालाई महत्व दिनुपर्छ। खादा सम्मान प्रकट गर्ने एउटा सजिलो साधन भए पनि यसले प्रदूषण निम्त्याउँछ। हाम्रो संस्कृति मालाको संस्कृति हो। हामीले फूल जति पनि उत्पादन गर्न सक्छौं भने किन खादालाई प्रश्रय दिने ?

दरबार हत्याकाण्डमा दीपेन्द्र दोषीछन्। खलपात्र हुन् सुप्रिया। देवयानीहरू निमित्तमात्र हुन्। दरबारको यही कमजोरीको फाइदा उठाएर विदेशी तत्व पनि घुस्यो र वंश विनाशको कारक बन्यो। राजतन्त्र कलङ्कित हुनु भनेको नेपालीको आत्मसम्मान माथि नै धक्का लाग्नु हो।

अनुवाद कला सजिलो छैन। अनुवाद गर्न चाहनेले प्रशस्त समय लिएरमात्र अनुवाद थाल्नुपर्दछ। समय छैन भने अनुवादको थालनी नै गर्नुहुँदैन। भाषामा ध्यान नदिए अनुवाद बिग्रिन्छ, जस्ताको तस्तै अनुवाद गर्नीतर लाग्दा भाव खत्तम हुन्छ। त्यसैले यी दुवैमाथि ध्यान पुऱ्याउन सक्नेले मात्र अनुवाद गर्नुपर्दछ। कसैको अनुवाद गर्नुपर्‍यो भने मेरा हात थर्थराउँछन्।

राँगोको बलि दिनेलाई निन्दा गर्ने विदेशी देखेको छु मैले। दैनिक मासु खानेहरूले राँगोको बलि दिएकोप्रति आलोचना किन गर्ने ? हामीले एउटा राँगो मार्दा उनीहरूले कतिवटा कुखुरा र खसीबोकाको हत्या गर्छन् ? प्राण त सबैको एउटै हो नि ! सानो र ठूलोसँग के अर्थ रहन्छ ? महिष खाने कालीलाई भने म पनि मान्दिनँ। माताले आफ्नो सन्तान खान्छन् भन्ने कुरामा मलाई विश्वास लाग्दैन। देवीले बलि खाने यो प्रतीकात्मक रुपमात्र हो। रक्सी खाने देवी, मासु खाने काली ? के भगवान्ले खान नपर्ने ? देवी र कालीले मात्र खान पर्ने ? यस्तो कसरी हुन सक्छ ?

भारतभन्दा हामी सबै कुरामा तल छौं भन्ने होइन। कति कुरामा हामी अगाडि पनि छौं। हाम्रा कतिपय सङ्गीतहरू चोरेर वा नक्कल गरेर भारतीय फिल्मी गीतहरू हिट भएका छन्। ऋतिक रोशनका हजुरबाउले 'आकाशको तारा पनि खसाइदिउँला' बोलको सङ्गीत चोरेर आफ्नो गीतलाई उचाइमा पुऱ्याएर पैसा प्रशस्त गुटमुटाए।

पशुपतिको ज्योतिर्लिङ्गका बारेमा अनेक कथनहरू छन्। स्वयम् प्रादुर्भूत ज्योतिर्लिङ्ग समसुद्दिनले तोडफोड गरेपछि आद्य शङ्कराचार्यले दक्षिण भारतबाट अर्को ज्योतिर्लिङ्ग बनाई ल्याएर स्थापित गरेका हुन्।अहिले सम्पूजित ज्योतिर्लिङ्ग शङ्कराचार्य आयातीत ज्योतिर्लिङ्ग हो। कालान्तरमा साल्मी (भण्डारी)लाई पश्चिम ढोकाको जिम्मा दिइयो र अरु तीन ढोका भट्टको अधीनमा राखियो। भट्टहरूले ढोका बन्द गरेर दुई घण्टा तान्त्रिक पूजा गर्छन् र त्यसपछि सनातनी सिष्टम अनुसार दूध, दही, मह, घ्यू आदिले नुहाउने गर्छन्। यो परम्परा टुट्यो कुनै बेला। टुट्न दिनुहुँदैनथ्यो। राजनीतिकरण गर्नु हुँदैन कहिल्यै पनि ईश्वरीय सत्तामाथि।

विक्रम सम्बत्को मोह किन हामीलाई ? विक्रम सम्बत् नै किन चाहियो ? मान्यता दिने, सम्मान गर्ने, नेपाल सम्बत्, साकेसम्बत् भनेजस्तै पात्रो क्यालेन्डरमा विक्रमसम्बत् पनि राख्ने। तर विश्वमा चलेको ईस्वी सन्को विकल्पमा विक्रम सम्बत्लाई प्रयोग गरेर ऐतिहासिक घटनाक्रमहरूलाई जोडघटाउ गरिरहनपर्ने झन्झटबाट मुक्त गर्ने।

राणाका बाउन्नवटा दरबारहरू अधिग्रहण गरी राजा महेन्द्रले एकाउन्नवटा दरबारका मालिकलाई क्षतिपूर्ति दिए, तर मैले लिइनँ। निवेदन दिनुपर्ने थियो, निवेदनै दिइनँ। निवेदन नदिएपछि पाउने कुरा पनि भएन। २०१७ साल पुस १ गतेको निरङ्कुश शाही कदमपछि म सिमलातर्फ लागेँ।

यति ठूलो भारतको त्यतिठूलो संविधान– अम्बेडकर, गान्धी र नेहरू तीन जनाले बनाए। त्यति धेरै जनसङ्ख्या भएको त्यति सानो देशको संविधान बनाउन ६०१ जना चाहियो ? ६ वर्ष लगाएर बनाइएको त्यही संविधानमा पनि सबै दलको सहमति हुन सकेन। योभन्दा ठूलो बिडम्बना अरु के हुन सक्छ ?

इतिश्री विविध महात्म्ये जगदीश सम्वादे सिमला नगऱ्यान्तर्गत जगदीश राजप्रासाद भुमौ त्रिदिवशीय महात्म्यवर्णनम् समाप्तम्।

मुक्तक

सात मुक्तकहरू

● गोपीकृष्ण प्रसाईं

(१)
समृद्धिको बारीमा काँचको खेती गर्न थालेपछि साथीहरू फुटेछन्
पीँध नभाको लोटामा मित्रताको पानी भर्न थालेपछि साथीहरू टुटेछन्
एउटै सिद्धान्तको माला जपेर आफैंभित्र दाह्रा नंग्रा उमार्ने खेलमा लाग्दै गर्दा
घृणा, लिप्साका शकुनी ताराहरू माथिबाट झर्न थालेपछि साथीहरू छुटेछन्

(२)
टन्टलापुर घाममा उसले चाक्सी लिएर आयो
मनको व्यथा हटाउन त भन्दै रक्सी लिएर आयो
मैले भने खस्रो मन भएका सँग चिल्ला कुरा नगर
खस्रो मन चिल्याउँछु भन्दै तिलस्मी खारसी लिएर आयो

(३)
मेरो देशमा गणतन्त्र हुर्किंदै गएको छ
बलियो भएर होला फुर्किंदै गएको छ
पार्टीहरूमा नौटंकी अनि गाईजात्रा चल्दै गर्दा
दिक्क लागेर उसले पाखुरा सुर्किंदै गएको छ

(४)
न आँशु हो त्यो, न गुनासो हो त्यो
जोगाइराख पुर्खाको नासो हो त्यो
सुगौली सन्धिपछि कतिपल्ट मिचियो देशको सिमाना
ए सरकार हेलचेक्रयाईं नगर गलाको पासो हो त्यो

(५)
त्यही मान्छे मर्दा पर्दा भरपर्दो दौडाहा भयो
सक्रिय हुन खोजेछ बिचरा सबैको औडाहा भयो
स्वार्थी र दुच्छर मान्छे मूल्यांकन कमिटीमा बस्दा
ऊ नालायक, असक्षम र दुनियाँको छौंडाहा भयो

(६)
बाटो बिराउने राजनीतिक यात्राले जिन्दगीमा कस्तो गति लिन्छ होला ?
नयाँ केही नभेटेपछि पात्रले अब कुन रक्सी किन्छ होला ?
नाटक मन्चन गरेर देश बनिदैन भन्ने सपूतहरूले बुझ्नुपर्ने हो
अर्काको पीडामा रमाउने जात्राले आफैंलाई के दिन्छ होला ?

(७)
आँखाभरि गुराँस फुलाउन गाउँ नै छोडेर जाने मन थिएन
मनका व्यथाहरू भुलाउन ठाउँ नै छोडेर जाने मन थिएन
मनका गरागरामा खुसीका समाहाहरू बगिरहेको बेला
गरिबीको जाम खुलाउन साहू नै छोडेर जाने मन थिएन

राष्ट्रिय गीत "नेपालआमा" सार्वजनिक

वरिष्ठ गीतकार टेक तामाङको राष्ट्रिय गीत 'नेपालआमा' सार्वजनिक भएको छ। गीतमा सङ्गीत र स्वर कन्काइस्ट राईको रहेको छ। भिडियोमा वरिष्ठ अभिनेता एवं क्याप्टेन विजय लामाको मुख्य अभिनय रहेको छ। अभिनेता लामालाई करिब एक दर्जनभन्दा बढी कलाकारले साथ दिएका छन्।

साहस शाक्यको सङ्गीत संयोजन रहेको यस गीतमा करण चौरसीयाको छायाङ्कन रहेको छ। भिडियो सम्पादन भने मनोज कार्कीले गरेका छन् भने भिडियोको निर्देशन प्रदीप हमालले गरेका हुन्। देशप्रति असिम प्रभाव र सीमाको रक्षाका लागि साहस र बलिदानको भावभूमिमा रचिएको नेपाल आमा साँच्चीकै उच्चकोटीको राष्ट्रिय गीत भएको बताइएको छ।

देशको पछिल्लो अवस्थाका कारण यो गीतले निकै नै दर्शकको माया पाउने विश्वास गरिएको छ। गीतकार तामाङको यसअघि नजिक भएर पनि, तिमीलाई माया गर्छु, आमा, जीवनसाथी, माया गरेर हेर, मै खुकुरी अघिसरीसहित आधुनिक, राष्ट्रिय र सेलो गरी ४ सय ५० भन्दा बढी गीत रेकर्डिङ र प्रकाशन भइसकेका छन्। नेपाल प्रहरी सेवाको एसएसपी पदमा कार्यरत तामाङले एक हातमा कर्तव्यबोध बन्दुक भए पनि अर्को हातमा कलम बोकेर सिर्जना गरिरहेका छन्।

चन्द्र सूर्य अङ्कित निशान
मेरो देशको ज्युँदो पहिचान

गीतको हरफमा भनेजस्तै साँच्चिकै देशको मायालाई उजागर गरेको छ। गीतमा देशको माया र स्नेह हिमाल, पहाड र तराई जहाँको व्यक्तिलाई पनि सम्मान हुने कुरा प्रस्तुत गरिएको छ। जुनसुकै ठाउँमा गएको भए पनि आफ्नो देशको मायालाई कसैले पनि भुल्न नसक्ने प्रष्ट्याइएको छ।

विश्व कम्युनिस्ट आन्दोलनको आरोह अवरोह

विष्णु भट्टराई

९० को दशकमा सोभियत समाजवादको पतन भएपछि विश्वमा कम्युनिस्ट आन्दोलनले अपूरणीय क्षति भोग्दै आएको छ। पूर्वी युरोपमा एकपछि अर्को गर्दै कम्युनिस्ट शासनसत्ता तासको महलझैं ढल्दै गए। अहिले पनि विश्वमा कम्युनिस्ट आन्दोलनले गति लिन सकिरहेको छैन। यस्तो अवस्थामा एक्काइसौं शताब्दीमा कम्युनिस्ट आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने प्रश्न अहं बनेको छ। पुँजीवादको पतन अवश्यंभावी रहेकाले कम्युनिस्ट आन्दोलन अघि बढ्नेमा कुनै शंका छैन।

विश्व इतिहासलाई फर्केर हेर्दा हामीले आदिम साम्यवादी युग, दासयुग, सामन्तवादी युगलाई परास्त गरिसकेका छौं। तसर्थ पनि पुँजीवादी व्यवस्थाको विकल्पमा साम्यवादी व्यवस्थाले यो विश्वमा विजय हासिल गर्नेछ भन्ने कुरामा कम्युनिस्टहरू एक मत छन्।

वर्तमान समयमा विश्वमा समाजवादी व्यवस्था भएको देश एउटा पनि नभए पनि विश्वका विभिन्न देशहरूमा समाजवादी व्यवस्था प्राप्तीका निमित्त संघर्ष भइरहेका छन्। विश्वमा समाजवादीहरूको कमि छैन। विश्वका कम्युनिस्टहरूले मार्क्सवादलाई २१औं शताब्दी अनुकूल प्रयोग गरिररहेका छन्। हामीले समयसापेक्ष मार्क्सवादलाई २१औं शताब्दी अनुकूल प्रयोग गर्नुपर्दछ।

वर्तमान शताब्दीमा पुँजीवाद जसरी मौलाएको देखिन्छ, त्यसरी नै पुँजीवादले संकट पनि बेहोरिरहेको छ। आर्थिक मन्दीले विश्व पुँजीवाद छट्पटाइरहेको देखिन्छ भने मार्क्सवादी अर्थतन्त्रप्रति मानिसहरूको आकर्षक बढेको पाइन्छ। कुनै पनि व्यवस्थाले सधैं आफ्नो अधिपत्य राख्न सक्दैन तसर्थ पनि यो विश्वमा साम्यवाद अपरिहार्य छ। २०औं शताब्दीमा विश्व कम्युनिस्ट आन्दोलनले अत्यन्तै ठूला उपलब्धीहरू प्राप्त गरेको थियो। त्यही कालमा नै सर्वहारा वर्गका लेनिन, स्टालिन र माओजस्ता महान नेताहरू विश्व कम्युनिस्ट आन्दोलनमा पैदा भएका थिए। संसारभरी ऐतिहासिक महत्वका ठूलाठूला क्रान्तिकारी आन्दोलन भएका थिए र रुस, चीनसहित पूर्वी युरोप, दक्षिण-पूर्वी एसिया र लेटिन अमेरिकाका कैयौं देशहरूमा समाजवादी क्रान्ति सफल भएको थियो। विश्व साम्यवादतिर उन्मुख थियो।

वर्तमानमा विश्व कम्युनिस्ट आन्दोलन अत्यन्तै कमजोर अवस्थामा अघिबढिरहेको छ। त्यसो त वर्तमानमा पनि विश्वमा कम्युनिस्टहरू क्रियाशील नभएका होइनन् तथापि यत्तिले मात्र विश्व कम्युनिस्ट आन्दोलन सफल हुने प्रयाप्त आधार छैन। सन् १९७६ को वर्ष विश्व कम्युनिस्ट आन्दोलनका लागि दुभाग्यपूर्णसावित हुन पुग्यो। त्यसै वर्ष सेप्टेम्बरमा विश्व कम्युनिस्ट आन्दोलनका महान नेता माओवादका प्रवर्तक क.माओको निधन भयो। माओको कार्यकालमा चिनियाँ कम्युनिस्ट पार्टीले विश्व कम्युनिस्ट आन्दोलनको नेतृत्व गरिररहेको थियो र समाजवादी चीनले विश्व क्रान्तिको आधार इलाकाको भूमिका खेलिरहेको थियो।

वर्तमान अवस्थामा विश्व कम्युनिस्ट पार्टी (साइनिङ पाथ) का अध्यक्ष गोन्जालोको गिरफ्तारी तथा निधनपछि त साँचो कम्युनिस्ट नेताको विश्वमा खडेरी नै पैदा भयो। विश्व कम्युनिस्ट



आन्दोलन कमजोर हुनुमा कम्युनिस्ट पार्टीभित्र दक्षिण पन्थी संशोधनवाद हावी हुनु एक प्रमुख कारण हो। रुसमा खुश्चेवले पुँजीवादी लाइन समाउनु र चीनमा तेङ्ले सुधारवादी लाइन लिनु यसको उदाहरण हो। रुस र पूर्वी युरोपका पहिलेका समाजवादी देशहरू, चीन, भियतनाम, उत्तर कोरिया, क्युवा, पूर्वी युरोप, दक्षिण एसिया, दक्षिण-पूर्वी एसिया, पश्चिम, लेटिन अमेरिकाका कतिपय देशहरूमा आफूलाई कम्युनिस्ट पार्टी बताउँदै दक्षिण पन्थी संशोधनवादको बाटो लिएका थुप्रै पार्टी वा संगठनहरू छन्। विश्व स्तरमा भन्ने हो भने विश्व कम्युनिस्ट आन्दोलनमा त्यसप्रकारका पार्टीहरू नै बढी छन्। वर्तमान विश्वमा सक्कली साम्यवादीहरूको पनि कमी छैन। अब तिनै सच्चा मार्क्सवादी, साम्यवादीहरूले विश्व कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउनेछन्।

वर्तमानमा पनि विश्व कम्युनिस्ट आन्दोलनमा क्रान्ति सम्पन्न गर्न सक्ने मुख्य आधार भनेकै मालेमावाद (मार्क्सवाद, लेलिनवाद र माओवाद/माओविचार) हो। मालेमावादको अचुक हतियारबाट नै अहिलको विश्व परिस्थितिमा क्रान्ति सम्पन्न गर्न सकिन्छ। वर्तमान विश्वमा क्रान्ति सफल गर्न अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल छैन भनिन्छ। के यो साँचो हो त? यस विषयमा सही मालेमावाद विश्व दृष्टिकोण के हो भने समर्थन भएमा क्रान्ति सम्पन्न गर्न अपेक्षाकृत रूपमा सजिलो हुन्छ भन्ने कुरा सही हो तर अन्यत्र समाजवादी नभएको अवस्थामा क्रान्ति सम्पन्न हुन सक्दैन भन्ने कुरा गलत हो। यदि त्यही कुरा सही हुन्थ्यो भने महान लेनिनले नेतृत्व गर्नुभएको वोल्शेविक पार्टीको नेतृत्वमा रुसमा विश्वको पहिलो सफल समाजवादी क्रान्ति सम्पन्न हुन सक्ने थिएन। साँचो अर्थमा भन्ने हो भने वर्तमानमा पनि विश्व कम्युनिस्ट आन्दोलन सफल हुन सक्ने आशाका किरणहरू पलाएका छन्। आज पनि विश्व कम्युनिस्ट आन्दोलनमा सच्चा क्रान्तिकारी नभएका होइनन्। तिनै सच्चा क्रान्तिकारीहरूले विश्व कम्युनिस्ट आन्दोलनलाई विजयको पगरी गुथाउनेछन् भनेर विश्वभरका क्रान्तिकारी कम्युनिस्टहरू विश्वस्त छन्।

विश्व कम्युनिस्ट आन्दोलन सत्ता प्राप्तिको लागि संघर्षमा रहेको र विश्व पुँजीवादमा संकट देखापरेको वर्तमान स्थितिमा आजको युगको सबैभन्दा ठूलो प्रश्न बनेको छ : समाजवाद र पुँजीवादका बीचको यो संघर्षमा को विजयी हुनेछ? इतिहासको अहिले सम्मको विकासको अनुभवले बताउँदै आएको छ कि इतिहासको कुनै चरणमा पुरानो प्रकारको सामाजिक व्यवस्था वा नयाँ उत्पादक शक्तिहरूका कारणले उत्पन्न आर्थिक वा भौतिक परिस्थितिका बीचमा हुने संघर्षका सधै पछिल्लाको विजय हुन्छ, नयाँ उत्पादकका साधनहरूमाथि आधारित विचार र मानिसहरूको नै विजय हुन्छ। त्यस अनुसार आज उत्पादनको सामाजिक स्वरूप र उत्पादनका साधनहरू माथिको व्यक्तिगत स्वामित्व वा व्यक्तिगत नाफाका बीचमा भएको अन्तर विरोधमा, समाजको ऐतिहासिक भौतिकवादी नियमअनुसार पहिलो पक्षको अर्थात उत्पादनको सामाजिक रूपको नै विजय अवश्यम्भावी छ। त्यसको अर्थ हो अन्तमा उत्पादनको सामाजिक स्वरूपसित मेल खाने व्यवस्था अर्थात सामाजवादी व्यवस्थाको विजय हुन अनिवार्य छ। वर्तमानमा विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्था देखिए पनि विश्व कम्युनिस्ट आन्दोलन बिजयी हुनेमा कुनै शंका छैन।

विश्व क्रान्तिको विषयमा चर्चा गरिरहँदा केही समयदेखि ल्याटिन देशहरूमा बोलिभारियन समाजवादी आन्दोलन जसरी अघि बढिरहेको छ, त्यसको भूमिका उल्लेखनीय महत्वको हुनेछ। भेनेजुएला, ब्राजिल आदि ल्याटिन अमेरिकी देशहरूमा समाजवादी आन्दोलनको नाममा जुन आन्दोलन चलिरहेका छन्, तिनको आफ्नो ठाउँमा अहिलेको विश्व परिस्थितिमा ठूलो महत्व छ। मार्क्सवाद तथा मार्क्सद्वारा प्रतिपादित साम्यवादी व्यवस्थाको जित अवश्यम्भावी छ। मार्क्सवाद कहिल्यै पनि पराजित हुन सक्दैन। वर्तमान समयमा विश्वमा समाजवादी व्यवस्था भएको देश एउटा पनि नभए पनि विश्वका विभिन्न देशहरूमा समाजवादी व्यवस्था प्राप्तीका निमित्त संघर्ष भइरहेका छन्। विश्वमा समाजवादीहरूको कमि छैन। विश्वका कम्युनिस्टहरूले मार्क्सवादलाई २१औं शताब्दी अनुकूल प्रयोग गरिररहेका छन्।

How America Supported the Tibetan Khampa Resistance Against China Inside Mustang

BY TRAILOKYA RAJ ARYAL

On April 17, 1978 the then Prime Minister of India, Morarji Desai, confessed in the lower house of the Indian Parliament, Lok Sabha, that India and the United States of America had collaborated at the highest political level in covert operations aimed at challenging the authority and territorial integrity of China. The announcement not only shocked the Indian parliamentarians, but the entire world. In addition to the damage caused to the revered memory of Jawaharlal Nehru, this also exposed the degree of U.S. involvement in South Asia (See, Ali, S. Mahmud, Cold war in the high Himalayas: the U.S.A., China and South Asia in the 1950s (Richmond [England]: Curzon Press) 1999). The damage done by this revelation to the image of Nehru's political personality and to India's supposedly "neutral" foreign policy are beyond my scope here; I wish briefly to examine the effects of the joint Indo-U.S.A. actions on Nepal.

Indo-U.S.A. Alliance:

India's own border issues with China and some tinge in the Indian leadership's fear of "Communism" (a trade-marked U.S. cold war export), was enough to turn India into a hidden U.S. ally. After the Chinese revolution, India became wary of China though no overt cause existed. The rulers of the United States took the success of the Chinese revolution as the defeat of their friends and clients, and in the ensuing Korean War suffered a direct military setback at the hands of the Chinese PLA. For a generation "Red China" was the devil in U.S. political theology. In the cold war days of the late '50s, India's irrational fear of Red China grew when China reiterated its long-standing and previously universally accepted claim on Tibet, and later sent troops into Tibet to secure its borders. During the period of imperialist intervention in China the rulers of India had come to consider Tibet as a buffer state between India and China. And the U.S. had been supporting the governing group around the Dalai Lama since 1942, when some members of "Wild Bill" Donovan's OSS, predecessor to the CIA, entered Tibet and fulfilled the Tibetan leadership's request to supply it with the latest radio communication equipment. The U.S. lost no time in claiming that China's reassertion of its claim on Tibet was part of an aggressive policy of expansionism, in which India was to be a target. Leading elements in India, despite the nonsensical notion of a Chinese military move across the Himalaya, took a forward and provocative military posture and border clashes took place. In this context, a destabilized China was desired by the rulers of both India and the U.S.A.

In the '50s and '60s, India and the U.S. engaged in a series of covert operations directed against China. Some were independent operations and some joint Indo-U.S. operations. India and the U.S. collaborated in installing a Plutonium based detecting device in the Nandadevi Mountains to monitor the Chinese activities in Tibet, however this mission resulted in failure. The covert operations against China started to take weird bizarre twists and turns - including an assassination attempt on the then Chinese PM, Chou En Lai, in 1955. This bizarre operation remains obscure and of course no firm evidence exists to tie either the nation (nor a likely third nation) to this event.

The CIA, after a series of failures with the aging remnants of Chang Kai Shek forces on the Burma border, started to look for a base to carry out a more aggressive operation aimed at destabilizing China. The CIA "assisted" the 1959 armed actions in Tibet and the concurrent flight of the Dalai Lama into India, where he was to receive a CIA pension. In 1960 the CIA started its operations in the Mustang district of Nepal, based on a group of insurgents from the southern Tibetan province of Kham ("Khampas") gathered around a small core of men previously trained by the CIA and then parachuted into Tibet.

Nepal as a battle-ground:

Mustang is a section of the Tibetan plateau north of the high Himalaya that was historically a semi-autonomous district of Nepal, inhabited by Tibetan speakers following the Lamaist religion. It lies astride a trans-Himalayan trade route, but is difficult of access from the central parts of Nepal. The geographical proximity of Mustang to Tibet and its remoteness from the power c enter Kathmandu, both politically and physically, made it a perfect venue for the U.S. supported Khampa rebel group headed by Baba Yeshi to carry out their clandestine operations.

The CIA trained guerrillas shifted their base from Kalimpong, India to Mustang, Nepal. The CIA provided them with advanced weapons, radio equipment and training. It is believed that the CIA provided training for at least 24 of these Khampa guerrillas in Colorado.

Baba Yeshi and his team of 3,000 Khampa rebels soon started to create problems in Mustang and Tibet. The Chinese authorities promptly pointed out this problem to King Mahendra. But King Mahendra decided to wait before taking any action against the Khampa rebels who were now openly operating from Nepal. The wait on King Mahendra's part was possibly to let the matter intensify, then demand something from China in return for curbing the Khampa operation. But, most crucially, without the Indian support the Royal Nepalese Army was far from sure of a quick and easy success against a force supplied by the CIA. And Indian support was not to be had. Repeated Chinese requests to take actions against the Khampas were not addressed by King Mahendra. When King Birendra ascended the throne in 1974, the Chinese made the same request and King Birendra acted promptly on the Chinese request. By then the Khampas had become a menace to not only China but also to Nepal, and they had lost their CIA backing.

Starting in the early '70s, the CIA had pulled itself out of the whole Khampa operation because of the changing dynamics in Sino-U.S. relations. It is certain that the 1972 Kissinger-Nixon initiative included the promise of an end to this CIA operation, and no doubt others. However the Khampas were still in Nepal creating problems for both Nepal and China. And the Army operation against them was the only option Nepal had after the rebel leader Gyato Wangdu's refusal to disarm; indeed after his repeated brazen denials of having any weapons or having ever been engaged in anti-China activities. The weapons seized by the Royal Nepal Army during its successful Mustang Operation against the Khampa rebellion were manufactured in the U.S. So as not to sour the relations between Kathmandu and Washington everyone in Nepal played dumb as to the source of those advanced weapons and equipment. However, the revelation of the Indian Prime Minister Desai, which came 4 years after the Mustang operation, provided solid evidence of U.S.A. involvement in Nepal and proved to be the missing piece of the puzzle. Today when the world in general and South Asia in particular are going through difficult times, some scholars see the seeds of a revival of the Cold War. We should be cautious, recalling that Nepal has recently been a victim of India and the US in the global Cold War for reason of a geopolitical fear of Chinese "expansionism" that had no basis whatsoever in reality.

प्रेरक

हिटलरको विश्वास

जर्मनीका तानाशाह एडल्फ हिटलरले मानिसहरूलाई मार्ने अनौठो उपाय सोच्न थाले । सोच्दासोच्दै उनको दिमागमा ग्यास च्याम्बरको कल्पना फुऱ्यो । एउटा मात्र मानिसको हत्या गर्दा खर्च बढी हुन्छ, गोली खर्च हुन्छ, चिहानघर बढ्छ, सैनिकहरूको समय खर्च हुन्छ भन्ने हिटलरको विचार थियो । यही कारण मितव्ययिताताई मध्यनजर गरेर हिटलरले ग्यास च्याम्बर निर्माण गर्न लगाए । हिटलरअघि कसैले पनि मानिसहरू मार्ने यस्तो अदभूत व्यवस्था गर्न सकेका थिएनन् । चंगेज खाँले पनि मान्छे मारेका थिए, काटेर, घोचेर, झुन्ड्याएर । तर हिटलरले मानिसहरूको सामुहिक मृत्युदण्डको अनौठो प्रविधि अपनाए । च्याम्बरमा एकपटकमा पाँच हजार मानिसहरू अँटाउँथे ।

विद्युत्को बटम दबाउनासाथ मानिसहरू बाफमा परिणत हुन्थे । ग्यास च्याम्बर वाष्प इन्जिन जस्तै थियो । एकै पटकमा पाँच हजार मानिसहरू वाष्पीकरणको सिकार हुन्थे । हिटलरले आफ्ना सम्पूर्ण विरोधीहरूलाई ग्यास च्याम्बरमा हुलेर सिध्याएका थिए । उनले खासगरी यहुदीहरूलाई सामूहिक मृत्युदण्ड दिएका थिए । यहुदीलाई दुब घृणा गर्थे हिटलर । उनी संसारमा आर्य जाति मात्र बुद्धिमान हुन् भनेर प्रमाणित गर्न चाहन्थे । कार्लमार्क्स, आइन्स्टाइन जस्ता यहुदीको विश्वख्याति मनपर्दैनथ्यो उनलाई उनी बिरामी हुँदा समेत यहुदी डाक्टरलाई जँचाउँदैनथे ।

हिटलरले उनको शासनमा १ करोड मानिसहरूलाई ग्यास च्याम्बरमा डढाएका थिए । हिटलरको सामूहिक मृत्युदण्डको खबरले विश्व नै स्तब्ध बन्ने गर्थ्यो । हिटलर सबैरै उठ्थे र केही योगासन गर्थे । उनी साकाहारी थिए । मदिरा समेत उनी पिउँदैनथे । यद्यपि उनी क्रोधित स्वाभावका थिए । जब मानिसहरूले हिटलर हत्यारा भएको भन्न बाँकी राखेनन्, जवाफमा उनले भने- म कसरी हत्यारा हुन सक्छु ? मैले जीवनमा मेरो हातले कुनै पनि प्राणीको हत्या गरेको छैन । यदि मृत्युपछि धर्मात्माहरूले कहीँ स्थान सोँच्ची पाउँछन् भने मेरा लागि पनि स्थान सुरक्षित हुने छ भन्ने मलाई विश्वास छ ।

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ । सानो प्रयत्नले समाजका लागि धेरै फाइदा हुने काम सम्पादन गर्न सकिनेछ । आजको लगनशीलताले भविष्यमा नाम, दाम र प्रतिष्ठा दिलाउन सक्छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक दायित्व बढ्नेछ । रोकिएका काममा भने दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

वृष

उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । सोचेको उपलब्धि तत्काल नपाइएला । सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन् । शुभचिन्तकसमेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन् । आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने हुन सक्छ ।

मिथुन

माहोल रमाइलो रहनेछ तर मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ । विशेष निम्तो प्राप्त हुनाले आतिथ्य खर्चिलो बन्नेछ । व्यावसायिक यात्राको योग छ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउनेछ । रमाइलो क्षणमा पनि मन ढुक्क नहुन सक्छ । विवादबाट सजग रहनुहोला । प्रयत्न गर्दा आम्दानी बढाउने काम प्रारम्भ हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ ।

कर्कट

स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुन सक्छ । प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । ईर्ष्या गर्नेहरूलाई पनि मिहिनेतको पाठ सिकाउन सकिनेछ । स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । प्रयत्न गर्दा अवसरको फाइदा उठाउन सकिनेछ ।

सिंह

अवसरका लागि परिस्थितिसँग सम्झौता गर्नुपरे पनि फाइदै हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । व्यवसायतर्फ पनि विशेष अवसर प्राप्त हुन सक्छ । लगनशीलताले परिस्थितिलाई बदल्नेछ । पछि लाभ हुने काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । थोरै भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ ।

कन्या

परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्याउनुपर्ने हुन सक्छ । महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्याउन सक्छन् । हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । बेसुरमा दिइएको वचनले समस्या निम्त्याउन सक्छ । महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला । अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग सावधान रहनुहोला ।

तुला

नयाँ काम प्रारम्भ गर्ने समय छ । मिहिनेतले दिगो फाइदा दिलाउनेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । पहिलेको उपलब्धिले उत्साह जगाउनेछ । सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ ।

वृश्चिक

आलोचकहरूबाट जोगिएर काम लिनुपर्नेछ । वादविवादले समस्या निम्त्याउने हुँदा बोली-व्यवहारमा सजग रहनुहोला । ईर्ष्या गर्नेहरूले बिनाकारण सताउन सक्छन् । आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला । पहिलेका कमजोरीलाई सुधार्ने मौका छ । बुद्धिको उपयोगले धन आर्जन हुनेछ । नियमित काम सम्पादन भए पनि नयाँ कामका लागि केही समय प्रतीक्षा गर्नुपर्ला ।

धनु

साथीभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुनेछ । रमाइलो जमघट एवं भोजभतेरको अवसर प्राप्त हुनेछ । तर, आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् । समयमा सजग नहुँदा तत्कालै फाइदा लिने अवसर पछिलाई धकेलिन सक्छ । खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । अवसर प्राप्त भए पनि चुनौतीसँग जुध्नुपर्नेछ । मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ ।

मकर

मकर भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । परिवारजनबाट टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । दिगो योजनाका लागि ऋण लिनुपर्ने आवश्यकता पर्न सक्छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । आफ्ना कमजोरीबाट लाभ उठाउनेहरू सक्रिय हुने हुँदा सावधान रहनुहोला । करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ ।

कुम्भ

धेरै आम्दानी नभए पनि उठ्नुपर्ने रकम हातलागी हुनेछ । तर, पछिका लागि लगानी गर्नुपर्ला । अचल सम्पत्ति उपयोग गर्नुपर्ने हुन सक्छ । श्रमको उचित मूल्यांकन हुनेछ तर सोखले खर्च बढाउने हुँदा हातलागी भएको रकम अरूको हातमा पर्न सक्छ । ठूलो आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ने हुन सक्छ । कामबाट तत्काल फाइदा लिँदा ठूलो आम्दानी घट्न सक्छ ।

मीन

पुराना कामको चर्चा हुनेछ भने नयाँ काममा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ । विशेष भेटघाटले उत्साह जगाउनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । सामाजिक जिम्मेवारी प्राप्त हुनुका साथै आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व पनि हातलागी हुने समय छ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ ।

समाचार संक्षेप

सुनका गहना सहित २ जना पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका-८ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्गत आन्तरिक उडान तर्फको व्यागेज एरियाबाट करिब २ करोड २४ लाख ९२ हजार ३ सय ९७ रुपैयाँ मूल्य बराबरको ३ किलो ३ सय ६० ग्राम सुनका विभिन्न गहना सहित २ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा कैलाली बर्दगोरिया गाउँपालिका-१ घर भएका ३० वर्षीय बोध राज भण्डारी र धनुषा जनकपुर उपमहानगरपालिका-२ घर भएका ४७ वर्षीय मुरारीराज अधिकारी रहेका छन् । उनीहरूलाई बरामद सुन सहित आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुलचोक ललितपुर पठाइएको अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचरले जनाएको छ ।

ठगी गरेको अभियोगमा पक्राउ

काठमाडौं । बिक्री गरी सकेको जग्गा पुन: बिक्री गर्ने भन्दै नगद ६८ लाख ९० हजार रुपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं महागनगरपालिका-३२ बस्ने सुनसरी धरान उपमहानगरपालिका-९ घर भएका ३६ वर्षीय रुसिल कटुवाललाई प्रहरीले पक्राउ गरेको छ । कटुवाल र काठमाडौं महानगरपालिका-१० बस्ने मोरङ केराबारी गाउँपालिका(६ घर भएका धिरज कुमार दाहालले पीडितसँग चिनजान गरी दाहालको नाममा रहेको मोरङ साविक केराबारी गाबिस-६ मा रहेको कित्ता नम्बर ६३८ को क्षेत्रफल ०-१-१० र कित्ता नम्बर ६४० को क्षेत्रपल ०-७-२-० को जग्गाहरू बिक्री गर्ने भन्दै जग्गाको मूल्य कायम गरी काठमाडौ सुकेधारामा बैना गरी उक्त नगद लिई जग्गाहरू पास नगरी सम्पर्क विहिन भएका थिए ।

सवारी दुर्घटनामा ५ जनाको मृत्यु

काठमाडौं । जाजरकोट, नलगाड नगरपालिका(५ ग्रेनीस्थित सडकमा भे ।०१ ज ९८७ नम्बरको जिप अनियन्त्रित भई पल्टिएर मंगलबार दिउँसो दुर्घटना हुँदा जिपमा सवार २ जनाको घटनास्थलमै मृत्यु भएको छ । मृत्यु हुनेहरूमा बारेकोट गाउँपालिका(२ बस्ने ४२ वर्षीय शान्ती रोकाय र जुम्ला गोठीचौर गाउँपालिका(१ मणिसाँघु बस्ने ५५ वर्षीय मंगल महतरा रहेका छन् । दुर्घटनामा घाइते भएका बारेकोट गाउँपालिका(१ रामीडाँडा बस्ने १५ वर्षीय रुपक बुढा लगायत ६ जनालाई प्राथामिक अस्पताल दुल्लु जाजरकोट पठाएकोमा ३ जना डिष्चार्ज भएका छन् भने ३ जनाको सोही अस्पतालमा उपचार भईरहेको छ । जिप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बाँके, डुडुवा गाउँपालिका(४ राप्ती पुलस्थित सडकमा भे ।१ ख १४८३ नम्बरको बसको भ्यालबाट टाउको बाहिर निकाल्दा टाउको पुलको खम्बामा ठोक्किँदा बसमा सवार गेरुवा गाउँपालिका(१ पाताभार बस्ने १५ वर्षीय आदर्श परियारको मृत्यु भएको छ । पुलको खम्बामा ठोक्किएर गम्भीर घाइते भएका उनको भेरी अस्पताल नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

रुपन्देही, बुटवल उपमहानगरपालिका(१३ जितगढीस्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही उपमहानगरपालिका(११ मजुवा बस्ने ३० वर्षीय राजु सिंजापतीको मंगलबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको लुम्बिनी प्रदेश अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

कञ्चपुर, कृष्णपुर नगरपालिका(५ बालुवा नालास्थित सडकमा म ।१ च २८८ नम्बरको एम्बुलेन्सको ठक्करबाट साईकलयात्री सोही नगरपालिका चिनिमिल बस्ने ४५ वर्षीय कृष्ण ऐरको बुधबार बिहान मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको सेती प्रादेशिक अस्पताल धनगढी कैलालीमा उपचारको क्रममा मृत्यु भएको हो । एम्बुलेन्स चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

करेन्ट लागेर मृत्यु

मकवानपुर । मनहरी गाउँपालिका(६ जोगिताल बस्ने ३५ वर्षीय रामलाल तामाङको करेन्ट लागेर मंगलबार राति मृत्यु भएको छ । उनको घरदेखि करिब २ सय मिटर टाढा खेतमा जंगली हात्ती लखेट्न जाँदा हात्तीले एक्कासी आक्रमण गरी भाग्ने क्रममा खेतवाली संरक्षण गर्न राखिएको सोलारको तारमा परि करेन्ट लागेर गम्भीर घाईते भएका उनको भरतपुर अस्पताल चितवनमा उपचारको क्रममा मृत्यु भएको हो ।

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

काठमाडौं । बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी बुढानिलकण्ठ नगरपालिका(९ गोल्फुटार बस्ने बारा जितपुर सिमरा उपमहानगरपालिका(१४ स्थायी घर भएका २६ वर्षीय अनिस सुन्दासलाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

उच्च अदालत ललितपुरको २०७७ चैत ८ गतेको फैसलाले ७ दिन कैद र ७ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं सुन्दरीजलमा फेला पारी पक्राउ गरेको हो । अनिसले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी(जानी पीडितहरूलाई झुक्यानमा पारी लक्ष्मी बैंकको चेक दिएर बैंकिङ कसूरजन्य अपराध गरेको ठहर गरी अदालतले उनलाई उक्त फैसला गरेको थियो ।

मृत अवस्थामा फेला

काठमाडौं । काभ्रे, पनौती नगरपालिका(१ ढाडचौर बस्ने कुशादेवीस्थित रियाल कन्स्ट्रक्सन प्रालिमा काम गर्ने ४१ वर्षीय ठाकुर प्रसाद सापकोटा सोही ठाउँ बस्ने बिष्णु प्रसाद सापकोटाको घरमा सुतेकोमा मंगलबार मृत अवस्थामा फेला परेका छन् । दाङ, गढवा गाउँपालिका(७ मानपुर बस्ने २५ वर्षीय बाल किशन चौधरी आफ्नै घरमा सुतिरहेकोमा मंगलबार मृत अवस्थामा फेला परेका छन् ।कैलाली, गौरीगंगा नगरपालिका(७ ईन्द्रपुर बस्ने ४० वर्षीया रन्जिता रोक्का मगर आफ्नै घरमा सुतेकोमा मंगलबार मृत अवस्थामा फेला परेकी छन् । धनुषा, जनकपुर उपमहानगरपालिका(१६ कपिलेश्वर चोकस्थित प्रतिक्षालयमा हाल नाम, थर, वतन नखुलेका करिब २८ वर्षीय पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

भारतीय हस्तक्षेपप्रति जनमोर्चाको ध्यानाकर्षण

काठमाडौं । भारतीय पक्षले नेपालको सार्वभौमिकतामाथि गरेको हस्तक्षेपको घोर भर्त्सना गर्दै राष्ट्रिय जनमोर्चाले आपत्ति प्रकट गरेको छ । पार्टीका महासचिव मनोज भट्टद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'नेपालको स्वीकृतिबिना दार्चुला जिल्लाको सदरमुकाम खलङ्गास्थित नेपाली सेनाको गुरु गुल्म हेडक्वाटर, लेकम, मालिकार्जुन, महाकाली, दुहुँ र व्यास गाउँपालिका क्षेत्रको आकाशमा पटक-पटक भारतीय हेलिकोप्टर उडेको समाचार सार्वजनिक भएकोबारे हाम्रो पार्टी राष्ट्रिय जनमोर्चाको ध्यानाकर्षण भएको छ ।

नेपालको स्वीकृतिबिना नेपालको आकाशमाथि भारतीय हेलिकोप्टर उडाउने कार्य गरेर भारतले अन्तर्राष्ट्रिय नियमको उल्लंघन गर्नुका साथै नेपालको राष्ट्रियता तथा सार्वभौमिकता र अखण्डतामाथि चुनौति दिएको छ । भारतको उक्त हस्तक्षेपकारी कार्यको हाम्रो पार्टीले घोर विरोध तथा भर्त्सना गर्दछ । त्यसप्रकारका हर्कत नगर्न नेपाल सरकारले भारतीय पक्षसँग दृढतापूर्वक कुटनीतिक पहल गर्नुपर्ने कुरामा जोड दिन्छौं ।

महाकालीको तुइन काण्डका सम्बन्धमा छानविन गर्न गठित आयोगले सरकारलाई बुझाएको प्रतिवेदनका सम्बन्धमा पनि हाम्रो ध्यान गम्भीर रुपमा आकर्षित भएको छ । छानबिन समितिको प्रतिवेदनअनुसार भारतीय सुरक्षाकर्मीले तुइन चुँडालिदिएका कारण जयसिंह धामीको मृत्यु भएको ठहर गरेको छ । त्यसअनुसार भारतीय सुरक्षाकर्मीद्वारा जयसिंह धामीको हत्या भएको कुरा स्वत: स्पष्ट नै छ । त्यसैले जयसिंह धामीको हत्यामा संलग्न भारतीय सुरक्षाकर्मीलाई कडाभन्दा कडा सजाय गर्नका लागि नेपाल सरकारले भारतीय पक्षसँग पहल गर्न जोड दिँदै मृतक जयसिंह धामीको परिवारलाई आवश्यक क्षतिपुर्ति दिन समेत सरकारसँग माग गर्दछौं ।'

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Roseate = आशावादी Do not be that much roseate, otherwise you will get frustrated if you failed in the interview (धेरै आशावादी नहोउ पछि अन्तर्वातामा असफल हुदा धेरै निराश हुनु पर्ला)

Synchronous = एउटै वेलाको उस्तै खालको Sometimes synchronous discoveries are made simultaneously in different part of the world (कहिले काही विश्वको फरक फरक ठाउमा एकै किसिमको आविष्कारहरू हुने गर्दछन्)

Treatise = विश्लेषण युक्त लेख For earning a graduate degree one has to preparing a treatise on the given subject (स्नातक तह उर्त्तिण गर्नको लागि हरेक तिनी डरको कारणले नभै उत्तेजनाको कारणले थरथर भएकी थिइन)

Uninhibited = उत्ताउलो Her uninhibited laughter shocked those participating in the funeral ceremony (उन्को उत्ताउलो हासोले मलामी जानेहरूलाई ठूलो चोट पुर् यायो)

Virtuoso= अति दक्ष His handling of the meeting was quite a virtuoso performance (उस्को बैठक संचालन गर्ने तरिका अतिनै दक्षपूर्ण थियो ।

Wither = पहेलो हुदै गएको In winter one see the trees with withered leaves (हिउद महिनामा सबै रुखकापातहरू पहेला देखिन्छन्)

Axiom = स्वत: प्रमाणित The definition of Geometry depends upon certain principle of axiom (ज्यामितिको व्याख्या स्वत प्रमाणित सिध्दान्तको आधारमा गरिन्छ)

Bogus= नक्कली वा अनधिकृत Sometime bogus banknotes are found in circulation (कहिलेकाही नक्कली नोटहरू वजारमा भेटिन्छन्)

Curator = सुपरिवेक्षक The plan proposed by the curator of the museum could not satisfy the Board members (म्यूजियमको सुपरिवेक्षकद्वारा प्रस्तुत योजनाले संचालक समितिका सदस्यहरूलाई चित्त बुझाउन सकेन)

Distend= विस्तार हुनु, फुल्नु Whenever he is under stress, the veins distend on his forehead (जब ऊ चिन्तामा हुन्छ उस्को निधारका नशाहरू फुल्छन्)

Stand बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Stand over somebody = सुपरिवेक्षण गर्नु, ठीक छ की छैन भनेर हेर्नु I like my boss standing over me very much while I work म काम गरिरहदा मेरो हाकिमले सुपरिवेक्षण गरेको मलाइ खुव मनपर्छ ।

Stand somebody to = कसैलाइ आदेश दिनु Commander stood soldiers to take position कमाण्डरले सिपाहीहरूलाई तैयारीमा रहन आदेश दिए ।

Stand some body up = जिल्याउनु First she agreed to come out with me but later she stood me up पहिले तिन्ले म संग वाहिर आउन मन्जुर गरिन तर पछि मलाइ जिल्याइ दिइन ।

Stand up for somebody = समर्थन गर्नु I always stand up for him म उस्को सधै समर्थन गर्छु ।

Stand up for something = केही कुराको समर्थन गर्नु We can not stand up for this motive यो कुराको लागी हाम्रो समर्थन हुन सक्तैन ।

Stand up to something = काम लाग्नु Will this house stand up to winter here यहाको जाडोमा यस्तो घर काम लाग्छ र ?

Stand up to somebody = सामना गर्नु She was really capable to stand up to her opponent yesterday आफना विरोधीहरूको सामना गर्न हिजो तिनी साच्चिकै समर्थ भइन ।

Stand up to something = थेग्नु This umbrella can not stand up to storm यो छाताले हुरि बतास थेग्दैन ।

Stand by = मध्दत गर्नु Aspirin stands well by for headache टाउको दुख्दा आस्पिरिनले राम्र मध्दत गर्छ ।

Stand in = कार्य वाहक हुनु When I am absent he stands in म गयल हुदा उस्को कार्यवाहक भइ काम गर्छ ।

सुडोकु-अंक २३४

	२						९	
५			८		४		८	२
१				३				८
		२	३	६	७	१		
		३				४		
		१	५	४	२	९		
८				९				६
४			१		५			९
	३						७	

अंक २३३ को नतिजा

४	२	५	३	७	८	१	९	६
९	६	७	२	५	१	३	४	८
१	८	३	९	४	६	२	७	५
६	१	९	८	३	५	४	२	७
३	५	४	७	१	२	८	६	९
२	७	८	४	६	९	५	१	३
८	४	२	६	९	३	७	५	१
५	३	६	१	२	७	९	८	४
७	९	१	५	८	४	६	३	२

The DPRK: How Does the World See This Country ?

September 9 this year marks the 73rd founding anniversary of the Democratic People's Republic of Korea.

Over the past seven decades of its development the country has demonstrated its dignity and honour, overcoming all sorts of challenges and difficulties.

We look back on its history through the names it was called in each period.

"Democratic Korea"

On August 15, 1945, Korea was liberated from Japan's military occupation. It was a task of the times confronting the Korean people to decide which road the new Korea should take. Korea adopted the road of Korean-style democracy, progressive democracy, not the road of Soviet-style democracy nor the US-style democracy. On the basis of the founding of the people's government and the implementation of democratic reforms such as the agrarian reform, nationalization of key industries and gender equality, the Democratic People's Republic of Korea, the people's country with the working masses as its masters, was founded on September 9, 1948. The world people called the new Korea democratic Korea.

"Heroic Korea"

The Korean war (1950-1953) waged by the imperialist allied forces led by the US that boasted of being the "strongest" in the world to stifle the DPRK, which was only two years old since its founding, was literally a "confrontation between an A-bomb and a rifle."

Few thought that Korea would win the war. But the Korean people repulsed the imperialist aggressors and defended the country. Many people in the world praised the DPRK as heroic Korea as it created a myth of bringing to its knee the imperialist power.

"ChollimaKorea"

The appearance of post-war Korea was such that it could not be expressed otherwise than "ashes." The US claimed that Korea could not rise again even in one hundred years.

However, the Korean people have turned out in the struggle to create a new life. After completing reconstruction in less than three years, it carried out the centuries-old task of socialist industrialization in 14 years, running in the spirit of legendary Chollima, a horse that can run 400 kilometres a day. The word ChollimaKorea widely spread in the world.

"Land of Juche"

The whole course covered by the DPRK can be called the process of applying the Juche idea. After its founding, the country has achieved remarkable successes in socialist construction by thoroughly applying the Juche idea and dealing with everything in conformity with its specific conditions and the interests of its people. Universal free medical care and free education were enforced and a heyday of socialism was opened in all fields of society.

The Juche idea has been widely disseminated to the world; more than 1 100 research and dissemination organizations in over 100 countries have been formed with the International Institute of Juche Idea and regional organizations as the centres.

The country has become widely known as the land of Juche.

"Socialist Fortress"

The collapse of socialism in one country after another at the end of the last century weakened the faith in socialism among many people of the world. At that time, Chairman Kim Jong Il of the National Defence Commission of the DPRK made public important works, including Socialism Is a Science, which proved the scientific accuracy and truthfulness of socialism and the inevitability of its victory. The country smashed by dint of the treasured sword of Songun politics the general offensive the imperialist allied forces had launched to stifle it availing themselves of the collapse of the world socialist camp, firmly defended its socialist system and ushered in a new era of building a powerful socialist country. The DPRK has become recognized by the international community as a socialist fortress which no one can destroy with anything.

"Country of Single-hearted Unity"

Many people in the world are surprised to see the DPRK advancing along the road of independence without the slightest vacillation in the face of severe trials and challenges of history.

The dangerous military pressure by the hostile forces and the hideous economic blockade which could not be otherwise described as being aimed at "annihilating a nation" could not bring the Korean people to their knees.

How could the DPRK, which is not so large in terms of population and territory, overcome such tremendous challenges? The secret was the single-hearted unity in which the national leader and the people share the intention and destiny. This single-minded unity is unique to the DPRK, which no country can imitate nor possess and is the most powerful political weapon that cannot be destroyed even by a nuclear bomb. The country of single-hearted unity is the most correct name characterizing the DPRK.

Kim Il Sung and Non-aligned Movement

Sixty years have elapsed since the Non-aligned Movement made its official appearance on the international arena. The First Summit Conference of the Non-aligned Nations was held in September 1961 in Belgrade, Yugoslavia, with the participation of representatives of 25 official member states and three observer states, signalling the start of the movement.

This was an event of great significance in making the 20th century an era of the cause of anti-imperialist independence.

Although the Democratic People's Republic of Korea

was not a member state of the movement (it became a member state in August 1975), President Kim Il Sung (1912-1994) paid close attention to the movement which was opposed to military blocs and aspiring to build an independent and peaceful world from its outset.

He made great efforts to realize the consolidation and development of the movement and unity and solidarity of its member states with an understanding that the mission of the movement was to oppose all forms of domination, subjugation, aggression and intervention, defend peace and security, realize the independence of countries and nations and achieve free social and economic development.

In many of his talks and other works including *The Non-aligned Movements Is a Mighty Anti-imperialist Revolutionary Force of Our Times* published in December 1975 in the inaugural issue of *Guidebook to the Third World*, a periodical publishedin Argentina, he gave a scientific definition that the movement embodying the lofty ideal of anti-imperialist independence was a powerful one opposed to imperialist and colonialist aggression and plunder, and that the member states constitute a strong force standing in confrontation with the imperialist reactionary forces;and he gave answers to many theoretical and practical problems arising in consolidating and developing the movement–that the member states should confront the schemes of the imperialists for division and alienation with the strategy of unity,that they should maintain the principle of non-interference in the one another's internal affairs, that they should settle their disagreements and disputes by means of negotiation, and so on.

He also led his country to fulfil its mission and role as a member state of the movement.

The complicated international situation created in the end of 1980s and early 1990s exerted a harmful influence on the Non-aligned Movement as well as on the socialist forces.

Taking advantage of the disappearance of the cold war

structure and the destruction of the balance of forces on the international arena, imperialistsattempted to emasculate and obliterate the fundamental ideals and character of the movement which had fought for anti-imperialist independence, peace against war and progress.

In the end of August 1992 the chief editor of the Indonesian newspaper *Media Indonesia* asked Kim Il Sung to give answers to the questions regarding the orientation of the development of the Non-aligned Movement.

It was just before Indonesia was to host the 10th Summit Conference of the Non-aligned Nations.

The conference was supposed to make an accurate evaluation of the prevailing situation and achieve a consensus of opinion on the important issues related to the road the Non-aligned Movement should take. By that time,however, the member states failed to reach a consensus on some matters or even take a clear-cut stand.

Kim Il Sungreplied:The end of the cold war on no account means that the Non-aligned Movement has forfeited its position and role; since the imperialist forces of domination remain, and since the ideal of non-alignment has yet to be realized, the Non-aligned Movement must continue to exist and to strengthen and develop; there is no change in the world people's aspiration to build a free, peaceful new world, and advancing towards independence and peace is the fundamental historical tide that cannot be turned back; the movement, which regards independence as its lifeblood, must invariably uphold its fundamental ideal and principles.

And he illustrated the direc-

tion for further consolidating and developing the movement.

His opinions became the spirit of the 10th Summit Conference of the Non-aligned Nations, and the conference marked an important occasion in maintaining the mission and role of the movement aspiring after independence.

Kim Il Sungalso concerned himself with the information work of the Non-aligned Movement.

Kim Il Sung met the heads and representatives of foreign delegations to the Fourth Conference of the Ministers of Information of the Non-aligned Countries held in Pyongyang in June 1993.

In his speech *Non-aligned Information Services Must Contribute to the People's Cause of Independence* given to the participants of the conference, he said: The Non-aligned Movement is, in essence, a movement to make the whole world democratic and independent; as long as there exists on the globe a force that seeks domination and intervention, aggression and plunder, the Non-aligned Movement must be continuously developed and further expanded and strengthened as the leading force in the building of an independent new world.

It is noteworthy that the DPRK proposed to set September 1 as the day of Non-aligned Movement and that all the member states celebrate it every year. The proposal reflected the far-reaching intention and will of Kim Il Sung who wanted to make the day of the start of the movement an important occasion and a driving force for the continuous development and advance of the movement.This proposal by the DPRK delegation to a meeting of foreign ministers of the non-aligned countries held in February 1981 in New Delhi, India, was welcomed by all the participants.

A former foreign minister of Indonesia, who had watched the process of development of the Non-alignment Movement, had this to say: The DPRK is playing an independent role on the international arena and a definitely leading role in the Non-aligned Movement in particular; it was the DPRK that saved the organic body, called Non-aligned Movement,by giving it vaccinein time when it was suffering from the political fever of "liberalization" and "multi-party system" after the end of the cold war; it was also the DPRK that made the movement come to its sense when it was knocked out in a ring by the heavy strike of the Western forces; it is entirely the exploit of President Kim Il Sung that the DPRK saved the movement and is leading it.

इन्डोप्यासिफिक...

एमसीसीसँग गरिएको सम्झौता दुई वर्षदेखि संघीय संसदमा विचाराधीन छन्। संघीय संसदको साधारण बहुमतले सम्झौता अनुमोदन भएपछि कार्यान्वयनमा आउनेछ। उपाध्यक्ष सुमारले संसदले अनुमोदन नगरेसम्म काम अगाडि नबढाउने बताइसकेकी छन्।

एमसीसी अमेरिकी संसदबाट पारित भएर आएको परियोजना हो। नेपालले त के एमसीसी स्वयंले यसमा संशोधन वा परिमार्जन गर्न सक्दैन। एमसीसीबारे नेपालले गरेका आशंकाहरूको निवारण एमसीसी कार्यालयले गरिसकेको छ। एमसीसी अमेरिकी सैन्य गठबन्धनसँग सम्बन्धित छैन भनेको छ। साथै एमसीसीभन्दा नेपालको संविधान माथि रहने पनि बताइएको छ। लेखा परीक्षण नेपालको महालेखा परीक्षकले गर्ने पनि जानकारी गराएको छ। यति हुँदाहुँदै पनि उसले प्रस्ट भनेको छ यसमा संशोधन भने सम्भव छैन। एमसीसीलाई जस्ताको तस्तै पारित गरिनुपर्ने अमेरिकी अडान छ। जबकि यसका कतिपय प्रावधानहरू नपालको सम्प्रभूता, स्वतन्त्रता, संविधान, सुरक्षा र बौद्धिक सम्पत्तिसँग प्रत्यक्ष सरोकार राख्छन्। एमसीसी नेपालको कानुनभन्दा माथि हुने प्रावधान छ। त्यो ज्यादै खतरनाक विषय हो। एमसीसीका आयोजना ५ वर्षमा सम्पन्न हुनैपर्छ। त्यसपछि म्याद थपिन्छ। एमसीसी अन्तर्गतको विद्युत् प्रसारण आयोजनालाई राष्ट्रिय गौरवको आयेजनाको रुपमा घोषणा गरी सोअनुरुप आयोग गठन गर्नुपर्नेछ। बुटवल गोरखपुर प्रसारण लाइन निर्माण गर्दा भारततर्फको भाग भारतले निर्माण गर्नुपर्ने भएकाले त्यसका लागि ऊसँग सहमति गर्नुपर्नेछ। आयोजना कार्यान्वयनका लागि जग्गा प्राप्ति रुख कटानी र निर्माण क्षेत्रमा पहुँचको व्यवस्था नेपालले गर्नुपर्छ।

एमसीसीले दिएको रकमको लेखापरीक्षण गर्ने संस्था एमसीसीले स्वीकृत गरेको र अमेरिकाको इन्स्पेक्टर जनरलको सूचीमा रहेका लेखा परीक्षकले गर्नुपर्नेछ। तर एमसीसीको नेपाल कार्यालय एमसीसी नेपालको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयले गर्न सक्छ। ठेक्काको काम अमेरिकी कम्पनीलाई नै दिनुपर्ने कुनै प्रावधान छैन। एमसीसी परियोजना पिछडिएका र गरिबीविरुद्ध लड्ने योजना बताइए पनि यो इन्डोप्यासिफिक रणनीतिकै अंगभित्र पर्छ। पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एमसीसीलाई जुन २०१९ मा इन्डोप्यासिफिक स्ट्राटेजी (आईपीएस) को अंग रहेको घोषणा गरेर एमसीसीको आबद्धता स्वतः सैन्य गठबन्धनमा सम्मिलित हुने हो भन्ने सन्देश दिएका थिए। त्यस्तै काठमाडौंस्थित अमेरिकी दूताबासका अधिकारी कार्य रोजर्सदे २७ डिसेम्बर, २०१९ मा एमसीसी अमेरिकाद्वारा विशेष प्राथमिकताका साथ डिजाइन गरिएको एन्डोप्यासिफिक रणनीतिसँग जोडिएको बताएका छन्।

आईपीएस अमेरिकी सैनिक गठबन्धन हो र यसको मुख्य उद्देश्य चीनको विकास रोक्नु हो। यसकै निम्ति अमेरिकाले चीन वरिपरिका थुप्रै मुलुकमा सैनिक अखडा राखेको छ। एसिया प्यासिफिक क्षेत्रलाई चीन र भारतबीच राजनीतिक दूरी बढाउन तत्कालीन अमेरिकी राष्ट्रपति ट्रम्पले सन् २०१७ मा पूर्वी एसियाको भ्रमणका क्रममा इन्डोप्यासिफिक भनी सम्बोधन गरेका थिए। ट्रम्प अगाडिका राष्ट्रपतिहरूले पनि एसिया प्यासिफिक क्षेत्र लक्षित गर्दै आआफ्ना रणनीति कार्यान्वयनमा ल्याउन विभिन्न प्रयास नगरेका होइनन्। रुजबेल्टको बिगस्टिक डिप्लोमेसी, निक्सन्को पिङ पंग बल डिप्लोमेसी, रेगनको कोल्ड वार पोलिटिक्स, जर्ज डब्लु बुसको एक्सी अफ इभिल नीति ओबामाको पिभेट टु एसिया आदिमार्फत एसिया प्यासिफिक क्षेत्रमा अमेरिकी दबदबा कायम गर्ने प्रयास विभिन्न समयमा भएका थिए। अमेरिकाले प्रकाशित गरेको इन्डोप्यासिफिक रिपोर्ट २०१७ को तथ्यांक हेर्ने हो भने विश्वको आधा जनसंख्या बसोबास गर्छ इन्डोप्यासिफिक क्षेत्रभित्र विश्वकै ठूलो प्रजातान्त्रिक मुलुकदेखि ठूला मुस्लिम राष्ट्रहरू यसै क्षेत्रभित्र पर्छन्। विश्वका ठूला सैन्य शक्ति भएका १० मुलुकमध्ये ७ मुलुक यसै क्षेत्रमा छन्। इन्डो प्यासिफिक क्षेत्रभित्र पर्ने ६ वटा सामुद्रिक व्यापार तथा १० ठूला समुद्री बन्दरगाहमध्ये नौवटा यसै क्षेत्रभित्र पर्छन्। यी तथ्यांकका आधारमा मात्रै विश्लेषण गर्ने हो भने पनि विश्व राजनीति एवं अर्थतन्त्रमा इन्डोप्यासिफिक क्षेत्र निकै संवेदनशील र महत्वपूर्ण रहेको देखिन्छ।

नेपाल विश्वका उदाउँदा शक्ति राष्ट्र चीन र भारतको बीचमा अवस्थित छ। विश्व अर्थ राजनीतिमा नेपालको भूमिका प्रायः शून्य नै रहन्छ। तर पनि नेपालको भौगोलिक अवस्थितिका कारण विश्व राजनीतिमा महत्वपूर्ण स्थान पाउने गरेको छ। विश्व अर्थराजनीतिमा चीनको उदय भएसँगै एसियन अर्थ राजनीतिमा अमेरिकी प्रभुत्व कायम राख्नका लागि लिइएको अमेरिकी वैदेशिक नीति हो इन्डोप्यासिफिक स्ट्राटेजी। अमेरिकी परराष्ट्र नीतिका तीन लक्ष्यमध्ये अमेरिकी विचारधाराको प्रसार गर्नु एक हो।

सन् १७८९ मा राष्ट्रपति जर्ज वाशिङ्टनले आफ्नो पहिलो राष्ट्रपतीय सम्बोधनमा विश्वभर स्वतन्त्र एवं लोकतान्त्रिक प्रारुपको सरकारको भोग गर्दा पाउने नागरिक अधिकारको रक्षा गर्ने जिम्मेवारी अमेरिकी जनताको भएको बताएका थिए। चीनले सैन्य अप्रेसन् वा प्रभावमार्फत आक्रामक आर्थिक नीति प्रयोग गरी आफ्नो क्षेत्रका देशहरूलाई प्रभावमा लिन्छ भन्ने राजनीतिक त्रासका कारण इन्डोप्यासिफिक रणनीति अमेरिकाले अघि सारेको हो। चीनको आर्थिक विकास एवं वृद्धिका मार्ग निर्देशक मानिने देङस्याओ पिङले भनेका थिए- हाइड योर स्ट्रेन्थ एन्ड वाइड योर टाइम अर्थात् आफ्नो शक्ति लुकाउ र तिम्रो समय पर्ख। वर्तमान चीनले गरेको आर्थिक वृद्धि र हाल उसले अगाडि सारेको बीआरआईको महत्वकांक्षी परियोजनालाई तिनै देङको नीतिको दीर्घकालीन प्रतिफल मानिन्छ। बेल्ट एन्ड रोड इनिसिएटिभमा रोडले समुद्री मार्गमार्फत चीनलाई दक्षिणपूर्वी एसियाबाट दक्षिण अफ्रिका हुँदै युरोप जोड्ने छ भने बेल्टले स्थलमार्गमार्फत केन्द्रीय एसिया हुँदै युरोप जोड्नेछ। चीनको यो महत्वाकांक्षी योजनामार्फत १५० भन्दा बढी मुलुकबीच व्यापार, पूर्वाधार विकास एवं लगानीका लागि सहकार्य हुनेछ। विश्वका करिब ६२ प्रतिशत जनता यो परियोजनामार्फत जोड्ने छन्। जसले विश्वमा चिनियाँ राजनीति एवं अर्थ नीतिलाई स्थापित गराउन महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ। चिनियाँ परियोजनाको चुनौती स्वरुप अगाडि सारिएको अमेरिकी प्रोजेक्ट हो- इन्डो प्यासिफिक स्ट्राटेजी (आईपीएस) भौगोलिक हिसाबले हेर्दा नेपाललाई आईपीएसले प्रत्यक्ष लाभ गर्नेछ न त बीआरआई अन्तर्गतको रोडले नै छुनेछ। यी रणनीतिबाट नेपालले प्रत्यक्ष लाभ लिन सक्ने देखिँदैन।

बजेट...

विचाराधीन छ। अदालतमा विचाराधीन रहेको विषय उठाउन संसदको नियमावलीले बन्देज लगाएको छ। यद्यपि एमालेले यही विषय उछालेर सभामुखको विरोध गर्नुले संसदीय व्यवस्थाप्रति नै जनवितृष्णा उत्पन्न गराउने काम गरिरहेको छ। दुई दुई पटकसम्म असवैधानिक रुपले संसद विघटन गरेको पुनर्स्थापित संसदको काम छैन भन्ने देखाउन एमाले खोजिरहेको छ।

तत्कालीन प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले गत १५ जेठमा अध्यादेशमार्फत बजेट ल्याएको थियो। सर्वोच्च अदालतको आदेशबाट दोस्रो पटक प्रतिनिधिसभा पुनर्स्थापना भएपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठबन्धन सरकार बन्यो। अघिल्लो सरकारले अध्यादेशमार्फत ल्याएको चालु आर्थिक वर्षको बजेटसम्बन्धी अध्यादेशलाई नै वर्तमान सरकारका अर्थमन्त्री जनार्दन शर्माले गत ३ साउनको संसदमा पेस गरेका थिए। यसरी संसदमा प्रस्तुत भएको अध्यादेश ६० दिनभित्र पारित हुनुपर्ने संवैधानिक व्यवस्था छ। सोही व्यवस्थाअनुसार बुधबारसम्म बजेट संसदबाट पारित भइसक्नुपर्ने थियो।

एमालेका सांसदहरूको नाराबाजी अवरोधका कारण अर्को बैठक आगामी ४ असोजसम्मका लागि स्थगित गरिएको छ। विवाद समाधानका लागि सभामुखले बोलाएको सर्वदलीय बैठक समेत एमालेले बहिष्कार गरेको छ। यही अवस्थाका कारण बुधबार मध्यरात १२ बजबाट सरकारले आफ्नो खातामा भएको पैसासमेत खर्च गर्न नपाउने अवस्था सिर्जना भएको हो। अहिलेको यो बजेट होलिडेको अवस्था आउनुमा संसदमा पुऱ्याएको प्रतिस्थापन विधेयक ६० दिनभित्र पारित नगरे खर्च गर्न नपाउने यस्तो संकट आउँछ भन्ने जानकारी सरकारमा बस्ने र सभामुखलाई हुनुपर्ने हो। समयमै अधिवेशन बोलाउन र संसदीय अन्य प्रक्रियामार्फत त्यसलाई पारित गर्ने भूमिका खेल्न सरकार र सभामुख दुवै असफल देखिएका छन्।

बजेट होलिडेको अवस्था आएपछि अब निजामती कर्मचारी, नेपाली सेना र प्रहरी एवं शिक्षकले तलब नपाउने अवस्था खडा भएको छ। दशैंको मुखमा भएको यो अवस्थाले कर्मचारीको दशैं भत्ता वितरण कार्यमा समेत प्रभाव पार्ने देखिन्छ। सरकारले कर्मचारीहरूलाई एक महिनाको तलब बराबर दशैं अतिरिक्त भत्ता दिँदै आएको छ। आफ्नो खातामा भएको रकमसमेत खर्च गर्न नपाउने भएपछि भूपू कर्मचारीहरूको पेन्सन् निकासामा समेत असर परेको छ। यसपालिको दशैं मज्जाले मनाउने सपना देखेका ज्येष्ठ नागरिकहरूको भत्ता समेत रोकिएपछि उनीहरूका अनुहार फुस्रिएका छन्। सत्ता र प्रतिपक्ष दुवैलाई सरापेर आँसु खसाउनुपर्ने अवस्था देखिएको छ। त्यस्तै एकल महिला र अपांगता भएकाहरूले पाउने भत्ता पनि नपाउने डर देखिएको छ। कोरोना महामारीले बिचल्लीमा परेका गरिब परिवारलाई रु. १० हजार दिने सरकारले गरेको निर्णय पनि अलपत्र परेकोछ।

संसदबाट बजेट पास गराउने विवाद कायमै रहेको खण्डमा कर्मचारीलाई तलब भत्ता तथा अत्यावश्यक खर्च समेत गर्न नसक्दा सरकारको ढिकुटीमा रकम फ्रिज हुने र बजारमा तरलताको अभाव हुनेछ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार अझै १ खर्ब २ अर्ब रुपैयाँभन्दा बढी रकम राज्यकोषको ढिकुटीमा छ। तर बजेट पास नभएकै कारण अहिले सरकारको खर्चमा संवैधानिक बन्देज लागेको छ।

महँगियो...

टार्न धौ धौ परेका मानिसहरूमा चाडपर्वको कुनै रौनक देखिँदैन। 'दशैं आयो खाउँला पिउँला, कहाँ पाउँला चोरी ल्याउँला' भनेजस्तै सकसपूर्ण अवस्थामा छन् जनता अहिले। 'आयो दशैं ढोल बजाई गयो दशैं ऋण बोकाइ' नियति भोग्न अभिषप्त छन् जनता।

बजार यसरी महँगिएको छ कि सायद यस्तो महँगीको सामना उपभोक्ताले यसअघि कहिल्यै गरेका थिएनन्। तरकारी बजार, फलफूल बजार, खाद्यान्न स्टोरहरूमा गएर मूल्य सोध्दा आश्चर्यचकित हुने अवस्था छ। हरेक तरकारीको मूल्य सय रुपैयाँ नाघेर १५० रुपैयाँ पुगेको छ। फलफूलहरूमा पनि दोब्बर मूल्य वृद्धि भएको छ। स्याउ, कागती, एभोकाडो, निबुवा, केरा, अम्बा लगायतका फलफूलहरू सामान्य कमाइ हुनेहरूको पहुँच बाहिर पुगेका छन्। दशैंमा फलफूल कोसेली बोकेर मान्यजनहरूकहाँ टीका थाप्न जाने सर्वसाधारणहरूको सपनामाथि तुषारापात भइरहेको छ। व्यापारीहरूले आफूखुसी मूल्यवृद्धि गरेर आम उपभोक्ताहरूलाई ठगी गर्दा पनि सरकार भने मूकदर्शक भएर बसेको छ।

खानेतेलको मूल्य प्रतिलिटर २ सय ६५ देखि ३ सय ५० रुपैयाँसम्म पुगेको छ। गत वर्षको लकडाउन अवधिसम्म सन् फ्लावर तेल प्रतिलिटर १ सय ६५ रुपैयाँमा पाइन्थ्यो। तर अहिले लिटरमै १ सय रुपैयाँभन्दा बढी तिर्नुपर्ने अवस्था छ। गत वर्षको दशैंताका चिनी प्रतिकिलो ८५ देखि ९० रुपैयाँसम्म पाइन्थ्यो। तर अहिले ९५ देखि सय रुपैयाँसम्म पुगेको छ। कुनै कारण बिनै थोक व्यापारीहरूले मनपरी ढंगले मूल्यवृद्धि गरेका छन्। यसबाट उपभोक्ता मारमा परेका छन्। थोक व्यापारीहरूले मूल्यवृद्धि गरेपछि खुद्रा व्यापारीहरूले पनि मूल्यवृद्धि गरेका छ्न।

अहिले बजारमा दैनिक उपभोग्य वस्तु हरियो तरकारी, चिनी, खानेतेल, दाल चामल गेडागुडी समेत सबैको मूल्यवृद्धि भएको छ। मूल्यवृद्धि नियन्त्रण गर्ने काम सरकारको हो। तर सरकारले नियन्त्रणका लागि आवश्यक पहल नगर्दा कालोबजारीको मनोबल झन् बढ्दै गएको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बेला बेलामा बजार अनुगमन त गर्छ तर दोष व्यापारीलाई कारबाही गर्दैन। बजार अनुगमन र कारबाहीको अधिकार पाएका सरकारी कर्मचारीलाई नै ठूला उद्योग र व्यापारीले खल्तीमा राख्ने गरेको आरोप लाग्दै आएको छ।

भारतपरस्त...

दक्षिणी एसियामा आफ्नो उपनिवेश कायम गरेपछि त्योसँग नेपालको काँचो धागो सम्बन्ध थियो र इ.सं. १९४७ पछि नयाँ बनेको देश विशाल भारतसँग पनि शंकालु सम्बन्ध रहिरह्यो। जो आजसम्म कायमै छ। यस प्रकारको सम्बन्धभित्र इस्ट इन्डिया कम्पनी सरकारले स्वतन्त्र स्वाधीन नेपाल राष्ट्रलाई आफ्नो छत्रछायामा सञ्चालन परिचालन गरिराख्ने नीति जारी राखेको थियो भने इ.सं. १९४७ मा नवनिर्मित मुलुक हिन्दुस्तानी सरकारले पनि नेपालप्रतिको अंग्रेजी दृष्टिकोण र व्यवहारलाई कायमै राख्यो राखिरहेको छ। तब र अब कसरी नेपालको भारतसितको परराष्ट्र सम्बन्ध समानता स्वतन्त्रता अस्तित्व र पहिचानसहितको सुमधुर हुन पुग्यो र ? भारत जहिले पनि नेपालमाथि हावी भई, नेपाल र नेपालीलाई आफ्नो इसारामा परिचालन गर्न प्रयत्न गर्छ र गरिरहेको पनि छ। नेपाल र भारतको बीचमा भइरहेको विद्यमान सम्बन्ध सम्पन्न सुमधुर होइन कि ध्येयपूर्ण सम्बन्ध हो। भारतीय सरकारले नेपालको भौगोलिक, प्रशासनिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक र सामरिक क्षेत्रहरूमा जुन प्रकारको हस्तक्षेप षड्यन्त्र, दबाबकारी तथा अतिक्रमणकारी व्यवहारहरू गरिरहेको छ, यसले नेपाल र भारतबीचको सम्बन्ध असमान र हेपाइयुक्त भएको प्रमाणित गर्छ। यस्तो वैदेशिक सम्बन्धलाई राष्ट्रवादी कोणबाट न्यायोचित ठहऱ्याउन सकिन्न। प्रत्येक देशभक्त नेपालीले यस कुराको हेक्का राख्नैपर्छ। नेपाल र भारतबीच हार्दिक सम्बन्ध नभएको थुप्रै प्रमाण छन्।

नेपालभित्रका सबै तह तप्का, क्षेत्र र निकायहरूमा भारतीय विस्तारवादी चलखेलहरू प्रत्यक्ष रूपमा प्रशस्त मात्रामा भइरहेको थाहा हुँदाहुँदै पनि हामी नेपालीहरूले किन र कसरी भारतसँग हाम्रो युगानुयुग सुमधुर सम्बन्ध कायम रहिआएको छ भनी भन्छौं ? ऐतिहासिक र वर्तमानीय नेपाली राष्ट्रिय धरातलीय यथार्थतालाई छातीमा हात राखेर विचार गर्ने हो भने सायद अपवादबाहेक इ.सं. १९४७ पछि भारतको नेपालसँग राम्रो सम्बन्ध रहेन। भारतले नेपालप्रति देखाएको सद्भाव देखावटी मात्रै हो र नेपाललाई कुनै न कुनै बेला आफ्नो अभिन्न अंग बनाउने चालबाजीबाहेक केही होइन। यो तीतो सत्यलाई प्रत्येक राष्ट्रभक्त नेपालीले गहिरो र स्पष्टसँग बुझेर यस प्रकारको षड्यन्त्रात्मक बन्धनबाट समग्रमा मुक्ति पाउन दिलो ज्यानले अहोरात्र खट्नुपर्छ। र दुवै देशले नयाँ आधारमा नयाँ मैत्रीपूर्ण सम्बन्ध कायम गरी विकास गर्नुपर्छ।

नेपाल स्वतन्त्र राष्ट्रको रूपमा ऐतिहासिक कालखण्डमा विश्वमा देखापरेको हो। तथापि समय समयमा विदेशी साम्राज्यवादी, प्रभुत्ववादी र विस्तारवादीहरूले आफ्नो मुठ्ठीमा राख्न कस्न पनि कोसिस गरेकै हुन्। विगतमा विदेशी आक्रमणकारीहरूले नेपाल राष्ट्रको सरहदमा आक्रमणहरू गरेर ठूलो जनधन जमिनको क्षति पुऱ्याएकै हुन्। मूलतः इ.सं. १८१४-१६ सम्मको नेपाल बेलायतबीचको युद्धले स्वतन्त्र स्वाधीन नेपाललाई धेरै घाटा पुऱ्यायो, जसमा नेपालले २,२०,८१९ वर्गकिलोमिटर भूभाग करले बेलायतलाई सुम्पनु पऱ्यो। हजारौं नेपालीहरूले स्वराष्ट्रको रक्षाका खातिर स्वयंलाई बलिदान गरे, करोडौं धनमालको नोक्सान भयो, अनि अन्ततः बेलायती साम्राज्यवादीको इसारामा बाँच्नु र चल्नुपर्ने दीर्घकालीन सम्बन्ध नेपाल र नेपालीमाथि थोपरियो। नेपाली युवाहरू ब्रिटिस साम्राज्यवादीको हितका खातिर सम्पूर्ण रूपले बेचिनुपऱ्यो। यसरी नेपाल राष्ट्रको हितविपरीत कैयन गतिविधिहरू भएका थिए। जसलाई इ.सं. १९४७ मा बनेको नयाँ देश हिन्दूस्तानले अंग्रेजी विरासतको रूपमा ग्रहण गरिरह्यो र नेपाल राष्ट्रप्रति सोही बमोजिमका बोली, शैली र व्यवहार अवलम्बन गरिरहेको छ। नेपाललाई दबाउने, हेप्ने र छलकपटपूर्ण उपायहरूद्वारा नेपाललाई आफ्नो मुठ्ठीमा राखी परिचालन गर्ने गराउने जुन खेल भारतले गरिरहेको छ ती सबलाई राष्ट्रभक्तीय कोणबाट हेर्ने हो भने भारतले नेपालसँग चोखो मित्रवत व्यवहार गरेकै छैन।

आफूलाई अन्यायमा पारेर अत्याचार र शोषण दमन गर्नेसँग कसरी पीडित पक्षले मित्रवत व्यवहार गर्न सक्छन् ? दिनानुदिन इन्डियाले नेपाली सीमा स्तम्भहरू गायब पार्दै नेपाली सीमावासीहरूलाई दुःख दिई नेपाली भूमि शनै शनै अतिक्रमण गरिरहँदा पनि किन र कसरी हामी केही नेपालीहरू पूराका पूरा भारतपरस्ती मानसिकताले ग्रस्त भइराखेका छौं ? किन हामी नेपलीले आफैंले स्वाधीन, स्वावलम्बी र आत्मनिर्भर भई बाँच्न र विकास गर्न सक्छौं भन्ने आत्ममुखी स्वपरस्ती मानसिकताको निर्माण र विकास गर्न सक्दैनौं ? प्रत्येक नेपालभक्त नेपालीले यसबारे एकछिन् गमेर सोचौं अनि नेपालपरस्ती मानसिकता भएको नेपाली बनौं र आफ्नै बलबुताले नेपाललाई स्वाधीन, स्वालम्बी, आत्मनिभएर र स्वाभिमानी राष्ट्र बनाऔं।

नर्वेमा...

पार्टीले हार स्वीकार गरिसकेको छ। विपक्षी नेता स्टोरले भने जनतालाई धन्यवाद दिँदै नयाँ दृष्टिकोणसहितको नयाँ सरकार गठन गर्ने बताएका छन्। युरोपको सबभन्दा ठूलो तेल तथा ग्यास उत्पादक देश नर्वेमा जलवायु परिवर्तनको मुद्दा पछिल्लो समय चर्को रुपमा उठेको थियो। वातावरणवादीले तेलमा आधारित अर्थतन्त्रबाट विस्तारै मुलुकलाई मोड्नुपर्ने लबिङ गर्दै आइरहेका छन्। जसमा वामपन्थी धारका पार्टीहरूको पनि समर्थन रहँदै आएको छ।

आफूलाई...

नयाँ शिक्षा मन्त्रीले निर्देशन दिएका छन्। विश्वविद्यालयमा छात्रालाई पनि जान दिने निर्णयलाई तालिवानको यसअघि सन् १९९६ देखि २००१ सम्मको शासन् व्यवस्थाभन्दा लचक हुने संकेतका रुपमा लिइएको छ। अघिल्लो शासन्कालमा अफगानिस्तानमा महिला र बालिकाहरूलाई विद्यालय र विश्वविद्यालयमा जान प्रतिबन्ध लगाइएको थियो।

विश्वविद्यालयहरूलाई लिङ्गका आधारमा पोसाकसम्बन्धी नयाँ नियम लागु पनि गरिने तालिबानले जनाएको छ। उच्च शिक्षासम्बन्धी मन्त्री अब्दुल बाकी हक्कानीले विद्यार्थीहरूलाई अध्यापन गराइने विषयहरूको समीक्षा गरिने पनि जानकारी दिए।

तालिबानले महिलाहरूलाई शिक्षा र रोजगारीमा प्रतिबन्ध नलगाउने जनाएको छ। तर, गत अगस्ट १५ मा सत्ता आफ्नो हातमा लिएसँगै तालिबानले सुरक्षा अवस्थामा सुधार नआएसम्म स्वास्थ्यकर्मीबाहेक अन्य महिलालाई कामबाट टाढै बस्न निर्देशन दिएको छ। तालिवानको अघिल्लो पटकको आफ्नै शासन्कालमा भन्दा केही लचक भएपनि निवर्तमान सरकारभन्दा अहिलेको सरकार कठोर देखिएको छ।

तालिबानले झण्डै एक महिनाअघि निर्वाचित सरकारलाई अपदस्थ गरी सत्ता कब्जा गरेको थियो। प्रदेश राजधानीहरू कब्जा गर्दै केन्द्रीय राजधानी कब्जा गर्न लागेपछि तत्कालिन राष्ट्रपति अशरफ घानीले देश छोडेर भागेपछि सत्ता तालिवानको हातमा आएको हो। उनीहरूले अहिले कामचलाउ सरकार बनाएका छन् भने अरु धेरै कामहरूमा अन्यौल देखिएको छ।

भारतमा...

बिहान दिएको जानकारीअनुसार भारतमा पछिल्लो २४ घण्टामा ३० हजार ५७० जना नयाँ सङ्क्रमित थपिएका छन्।

योसँगै भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरूको संख्या तीन करोड ३३ लाख ४७ हजार ३२५ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। पछिल्लो एक दिनमा भारतको केरलामा मात्रै १७ हजार ६८१ जना नयाँ सङ्क्रमित थपिएका छन्। भारतमा दैनिक सङ्क्रमितको संख्या ५० हजारभन्दा कम भएको ८१ दिन भएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाहरूको संख्या तीन लाख ४२ हजार ९२३ रहेको छ।

पछिल्लो २४ घण्टामा ३८ हजार ३०३ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै देशभरी अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरूको कुल संख्या तीन करोड २५ लाख ६० हजार ४७४ रहेका छन्।

विश्वबैंकसँग

प्रभावकारी हुने उनको भनाइ थियो।

समारोहमा विश्व बैंकका राष्ट्रिय निर्देशक फेरिसले यस किसिमका सहकार्यले नेपालको शिक्षा तथा स्वास्थ्य प्रणालीलाई समावेशी र उत्थानशील बनाउनमा योगदान गर्ने विश्वास व्यक्त गरे। सबैका लागि स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने र किशोरकिशोरीलाई समावेशी शिक्षा प्रदान गर्ने नेपालको लक्ष्य प्राप्त गर्न सहयोग सम्झौताले मद्दत गर्ने उनको भनाइ थियो।

विश्व बैंकले दिने ऋण सहयोगले नेपालको विपन्न वर्गलाई लक्षित गरी छात्रवृत्ति, विज्ञान छात्रवृत्ति दिई शिक्षामा सबैको पहुँचलाई सुनिश्चितता गर्न मद्दत पुग्ने बताइएको छ। यस्तै बिचमै विद्यालय छाड्नेको संख्या कम गर्न सहयोग गर्ने विश्वास व्यक्त गरिएको छ।

स्वास्थ्य क्षेत्रमा गरिएको सहयोगले नेपालको स्वास्थ्य क्षेत्र व्यवस्थापन सुधार कार्यक्रम गरिने बताइएको छ। यसले सार्वजनिक खरिद, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन र स्वास्थ्य क्षेत्रमा अधिक उत्तरदायित्वका लागि नागरिक संलग्नता आदि क्षेत्रमा सुधार गर्न सघाउने बताइएको छ।

प्लास्टिकका...

सरकारले पातलो प्लास्टिकका झोलामा प्रतिबन्धको घोषणा गरे पनि पसलमा सामान किनमेल गर्दा ती झोलाको प्रयोग हुने गरेको छ।

सन् २०१६ देखि २५ वर्षभित्रका लागि नेपालले लिएको दिगो विकास लक्ष्यमध्ये एउटा प्लास्टिक प्रयोगसँग सम्बन्धित पनि छ। सन् २०३० सम्मका लागि तय गरेको १७ लक्ष्यको १२औं बुँदामा उपभोग र उत्पादनमा जिम्मेवारीपना पनि एक हो। यसको परिणामात्मक लक्ष्यमा नेपालमा प्रतिदिन प्रयोग हुने गरेको ३१७ ग्राम प्लास्टिक प्रयोग घटाएर 'सन् २०३० सम्ममा शून्यमा झार्ने' लक्ष्य लिइएको छ। नेपालमा प्लास्टिक पुनः प्रशोधन गर्ने उद्योगहरूबारे झन्डै २५ प्रतिशत रहेको अध्ययनले देखाएको छ। यो अनुपातलाई वृद्धि गरी सन् २०३० सम्ममा ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ।

नेपालले लिएको लक्ष्यअनुसार सन् २०१९ सम्ममा २ ग्राम, सन् २०२२ सम्म १.५ र अन्तिममा २०३० सम्म प्लास्टिक प्रयोगलाई शून्य बनाउने लक्ष्य छ। तर, यसको प्रगतिबारे स्वयं योजना आयोग पनि अनभिज्ञ देखिन्छ।

इन्टर्नसीप...

३ समेत प्लेकार्डमा लेखेर ध्यानाकर्षण गराएका छन्। उक्त ३ नम्बर बुँदामा 'विदेशमा अध्ययन गरेर नेपालमा नै इन्टर्नसीप गर्नुपर्ने कुनै विशेष वा बाध्यात्मक परिस्थिति भएमा सो परिस्थितिको जानकारी दिँदै विद्यार्थीले आफू पढेको संस्था र नेपाल मेडिकल काउन्सिलको पूर्वस्वीकृति लिएर मात्र नेपाल भित्रका संस्थामा इन्टर्नसीप गर्न पाउनेछ।

एमसीसी...

नेपाल कम्युनिस्ट पार्टीले काठमाडौंको खुलामञ्चमा आयोजना गरेको सभामा सम्बोधन गर्दै नेकपाका महासचिव विप्लवले एमसीसी नेपाली जनता र देशका विरुद्धमा रहेकाले यसको खारेजीका लागि सिङ्गो देश आन्दोलित बनेको बताए।

विरोधसभाका प्रमुख वक्ता रहेका महासचिव विप्लवले नेपाली जनताको अधिकार हनन गर्न खोज्ने हो भने यहाँका मुठीभर दलालहरूविरुद्ध ठूलो आन्दोलनको आँधीबेहरी सिर्जना गर्ने बताए। जनताको व्यवस्था स्थापना गर्न र दलाल सत्ताका विरुद्ध आफू जस्तोसुकै मूल्य चुकाउन पनि तयार रहेको उनको भनाइ थियो। नेपाली दलालहरूले आफ्नो निहित स्वार्थका लागि जनताको रगत-पसिना र राज्यको सम्पत्ति लुटेको महासचिव विप्लवले बताए।

देशको सत्ता दोहन गर्नेहरूले क्रान्तिकारी आन्दोलन अगाडि बढाइरहेको आफ्नो पार्टीमाथि प्रतिबन्ध लगाएर जनताको आन्दोलनमा अंकुश लगाएको उनले बताए।

नेपालमा एमसीसी सम्झौता जबर्जस्ती लादिएको भन्दै विप्लवले यो देश र जनताको हितविरुद्ध रहेकाले तत्काल खारेज गर्नुपर्ने बताए। उनले जुनसुकै मूल्य चुकाएर पनि एमसीसी खारेज नभएसम्म यसका विरुद्ध आन्दोलन अघि बढाउने बताए। उनले भने, 'एमसीसी नेपालको सार्वभौमिकता र हितका विरुद्ध छ। एमसीसी जनताका विरुद्ध छ। नेपालको कानुनभन्दा माथि रहने सम्झौताले देशलाई अफगानिस्तान र सिरिया बनाउनेछ। जनता सार्वभौम हुने व्यवस्था स्थापना गर्नका लागि जनतालाई व्यवस्थाको फैसला गर्न दिनुपर्छ।'

अन्तरिक्ष पर्यटन सुरु

काठमाडौं – अन्तरिक्ष पर्यटनको औपचारिक सुरुवात भएको छ। प्रविधि व्यवसायी एलन मस्कको कम्पनी स्पेस एक्सले बुधबार ४ जनालाई अन्तरिक्ष पर्यटकको रुपमा अन्तरिक्षमा लगेसँगै अन्तरिक्ष पर्यटनको औपचारिक सुरुवात भएको हो।

स्पेस एक्सले इन्सपिरेसन-४ मिसनअन्तर्गत अमेरिकाको फ्लोरिडास्थित केनेडी स्पेस सेन्टरबाट चारजनलाई अन्तरिक्ष यात्राका लागि बुधबार पठाएको हो।

स्थानीय समय अनुसार बुधबार राति ८ बजे स्पेस एक्सको रकेटमार्फत उनीहरूलाई अन्तरिक्षमा पठाइएको हो। यो मिसनमा ३८ वर्षिय अर्बपति जेरेड इज्याकम्यानले लगानी गरेका छन्। यो मिसन पर्यटनका हिसाबले अन्तरिक्षमा उडान गरिएको स्पेस एक्सले जनाएको छ।

यो मिसनमा २९ वर्षीया हेले अर्सेनियुस, ५१ वर्षीया सियान प्रोक्टर र ४२ वर्षीय क्रिस सेमब्रोस्की छन्। अर्सेनियूस हेलेले बाल अवस्थामा क्यान्सरलाई जितेकी हुन्। उनी हाल सेन्ट ज्युड अस्पतालमा फिजिसियनका रूपमा कार्यरत छिन्। उनी इजाकम्यानको अनुरोधमा यो यात्रामा सहभागी भएकी हुन्।

सियान प्रोक्टर भौगर्भविद् हुन्। उनी एक सामुदायिक क्याम्पसमा पनि पढाउँछिन्। प्रोक्टरले सामाजिक सञ्जालमार्फत अन्तरिक्ष यात्राका लागि अवसर पाएकी हुन्। क्रिस सेमब्रोस्की भने लकहिड मार्टिन कम्पनीका कर्मचारी हुन्।

अन्तरिक्ष पर्यटनयात्रीले अन्तरिक्षमा ३ दिन बिताउनेछन्। स्पेस एक्सको ड्रागन क्याप्सुलमा रहेका उनीहरू पृथ्वीदेखि ५६३ किलोमिटरको उचाइमा छन्। यो उचाइ अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र एक सय किलोमिटर माथि हो।